# आर्थिक वर्ष २०७९/८० मा सञ्चालित नीति तथा प्रमुख

# कार्यक्रमहरूको वार्षिक

# प्रगति प्रतिवेदन (सारांश)

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(नतिजा व्यवस्थापन महाशाखा)
सिंहदरबार, काठमाडौं
भाद्र, २०८०

# विषयसूची


क. मन्त्रालय एवम् निकायहरूको प्रगति विश्लेषण ........ १

१. पृष्ठभूमि ........ १

२. क्रियाकलाप तथा माइलस्टोनको प्रगति स्थिति ........ २

२.१. आ.व. २०७८/७९ को क्रियाकलाप तथा माइलस्टोनको प्रगति ........ २

२.२. विगत तीन वर्षको क्रियाकलाप तथा माइलस्टोनको प्रगति ........ ४

३. खर्चसम्बन्धी प्रगति स्थिति ........ ५

३.१. कुल खर्च विवरण ........ ५

३.२. मन्त्रालयगत/निकायगत पूँजीगत खर्च विवरण ........ ५

४. क्षेत्रगत प्रगति स्थिति ........ ७

४.१ आर्थिक क्षेत्र ........ ७

४.२ पूर्वाधार क्षेत्र ........ १०

४.३ सामाजिक क्षेत्र ........ १३

४.४ शासकीय सुधार क्षेत्र ........ १६

ख. छानिएका आयोजनाहरूको प्रगति विश्लेषण ........ २०

१. पृष्ठभूमिः ........ २०

२. छानिएका आयोजनाहरूको विवरण ........ २०

२.१ छानिएका आयोजनाहरूको मन्त्रालयगत विभाजन ........ २०

३. आयोजनाहरूको प्रगति स्थिति ........ २१

३.१ छानिएका आयोजनाहरूको वार्षिक प्रगति ........ २२

३.२ छानिएका आयोजनाहरूको वार्षिक प्रगति अनुसारको विभाजन ........ २३

४. आयोजनाहरूको क्रियाकलाप तथा माइलस्टोन स्थिति ........ २४

४.१ क्रियाकलाप स्थिति ........ २४

४.२ माइलस्टोन स्थिति ........ २४

ग. समस्या र कारणहरूको विश्लेषण ........ २५

अ. मन्त्रालय/निकायहरूका समस्या र कारणहरूको विश्लेषण ........ २५

ख. आयोजनाहरूको समस्या र कारणहरूको विश्लेषण ........ २९

घ. सुझावहरूः ........ ३३

# क. मन्त्रालय एवम् निकायहरूको प्रगति विश्लेषण

## १. पृष्ठभूमि

नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम एवं वार्षिक वजेटद्वारा निर्धारित कार्यक्रम तथा आयोजनाहरूलाई सम्बन्धित मन्त्रालय तथा निकायहरूबाट वार्षिक कार्ययोजना बनाई कार्यान्वियन गर्ने व्यवस्था गरिएको छ। मन्त्रालय तथा निकायहरूको कार्ययोजना तयार गर्दा सञ्चालन हुने क्रियाकलाप, सो क्रियाकलापसँग सम्बन्धित प्रक्रियागत तथा नतिजासमेतमा आधारित माइलस्टोन तथा सोको कार्यान्वयन पश्चात मन्त्रालय/निकायहरूले आवधिकरूपमा हासिल गर्ने नतिजा सूचकहरूको खाकासमेत निर्धारण गरिएको छ। यसरी सम्पादित क्रियाकलाप तथा माइलस्टोनको प्रगति प्रतिवेदन गर्न एकीकृत अनुगमन प्रणाली कार्यान्वयनमा ल्याइएको र सोही प्रणालीमा प्राप्त विवरणहरूमा आधारित रही आवधिकरूपमा प्रगति प्रतिवेदन तयार गर्ने गरिएको छ।

यस प्रणालीले अनुगमन पद्धतिलाई नतिजामा आधारित बनाई लक्ष्य हासिलमा सघाउ पुऱ्याएको छ। साथै, कार्यसम्पादन गर्ने निकायहरूले विभिन्न निकायहरूमा छुट्टाछुट्टै गर्ने गरेको प्रतिवेदन समेतलाई एकै प्रणालीमार्फत् गर्न अनुगमन गर्ने निकायहरूले प्राप्त गर्ने सूचनामा एकरूपता कायम गर्न तथा यस्ता सूचना तथा प्रतिवेदनहरू सुरक्षित राखी दीर्घकालीन प्रयोगमा ल्याउनसमेत सहयोग पुगेको छ। यसका अतिरिक्त कार्यसम्पादनको वस्तुगत जानकारी, कार्यसम्पादनमा देखिएका समस्या र त्यसको समाधानको उपायले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुने अनुगमनको अनुगमन कार्यका साथै निर्णायिक तहसम्म निर्णय निर्माणमा सहयोग पुगेको छ।

सम्माननीय राष्ट्रपतिज्यूबाट २०७९ जेठ १० गते सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकमा प्रस्तुत आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम तथा माननीय अर्थ मन्त्रीज्यूबाट २०७९ जेठ १५ गते सङ्घीय संसदको संयुक्त बैठकमा प्रस्तुत आ.व. २०७९/८० को वजेट तथा कार्यक्रमको आधारमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत सबै मन्त्रालयहरू, राष्ट्रिय योजना आयोग, लगानी बोर्डको कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र र सार्वजनिक खरिद तथा अनुगमन कार्यालयसमेत गरी १२७० क्रियाकलाप र २७९५ माइलस्टोनका साथै २१ मन्त्रालयहरूका ३३९ नतिजा सूचकहरूमा कार्ययोजनालाई व्यवस्थित गरी एकीकृत अनलाईन अनुगमन प्रणालीमा प्रविष्टि गरिएको थियो। आयोजना कार्यान्वयनलाई प्रभावकारी गराउन चालु आ.व.मा राष्ट्रिय गौरव, रूपान्तरणकारी तथा सघन अनुगमन आवश्यक देखिएका ३० महत्त्वपूर्ण आयोजनाहरूसमेत छनोट गरी यस प्रणालीमा आवद्ध गरिएको थियो।

घोषित नीतिहरूको कार्यान्वयनका लागि नीतिहरूसँग सम्बन्धित क्रियाकलापहरूलाई आबद्ध गर्ने एवम् समय सारिणीसहितको कार्ययोजना तयार गरी लागू गर्ने क्रममा आ.व. २०७९/८० को वार्षिक कार्यान्वयन

कार्ययोजना तयार गर्दा विभिन्न चरणमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र सम्बन्धित मन्त्रालय तथा निकायको उपस्थितिमा आवश्यक छलफल गरी अन्तिम रूप प्रदान गरिएको थियो। यस क्रममा मन्त्रालय तथा निकायगत रूपमा तयार गरिएको वार्षिक वजेट कार्यान्वयन कार्ययोजनालाई आवधिक योजना, मध्यमकालीन खर्च संरचनासँगको तादात्म्यको विश्लेषण गरी एक आपसमा आवद्ध गर्ने प्रयास गरिएको थियो भने कार्ययोजना तर्जुमाका क्रममा यस कार्यालयबाट मन्त्रालयहरूलाई पठाइएको कार्ययोजना तर्जुमा मार्गदर्शन तथा अर्थ मन्त्रालयबाट जारी भएको वजेट कार्यान्वयन मार्गदर्शनलाईसमेत प्रमुख आधारका रूपमा लिइएको थियो। उक्त मार्गदर्शनमा व्यवस्था भएबमोजिम मन्त्रालय तथा निकायहरूले कानुनी तयारीका रूपमा गर्नुपर्ने कार्यहरू नयाँ कार्यविधि, निर्देशिका तर्जुमा, विद्यमान कानून संशोधन, आयोजना तथा क्रियाकलापहरू सञ्चालनको लागि बोलपत्र सूचना प्रकाशन, बोलपत्रको सम्झौता जस्ता माइलस्टोनहरूको समय साधारणतः प्रथम त्रैमासिक अवधि निर्धारण गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने गरी कार्यान्वयन कार्ययोजनालाई अन्तिम रूप प्रदान गरिएको थियो।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९/४/१९ को बैठकको स्थानीय पूर्वाधार विभागको तोकिए बमोजिमका आयोजना तथा कार्यक्रमहरू सहरी विकास मन्त्रालय अन्तर्गत स्थापना हुने विभागलाई हस्तान्तरण गर्ने सम्बन्धी निर्णय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसमेतको उक्त मन्त्रालयबाट सञ्चालित केही आयोजना/कार्यक्रमहरूसँग सम्बन्धित क्रियाकलाप तथा माईलस्टोनहरूको सहरी विकास मन्त्रालयतर्फ हस्तान्तरण गर्ने मिति २०७९/५/७ को मन्त्रिस्तरीय निर्णय अनुसार सम्बन्धित क्रियाकलाप/माइलस्टोनहरू प्रणालीमा समायोजन गरिएको थियो।

यस प्रतिवेदनमा मन्त्रालय/निकायहरूको क्रियाकलाप तथा माइलस्टोनको क्षेत्रगत प्रगति स्थिति, छानिएका ३० आयोजनाहरूको प्रगति एवम् वार्षिक खर्चको स्थिति समेटिएको छ। प्रतिवेदनमा प्रस्तुत तथ्याङ्क एवम् विवरणहरू विषयगत मन्त्रालय/निकाय/आयोजनाहरूबाट एकीकृत अनलाईन प्रणालीमा प्रविष्ट गरिएका विवरणहरू र महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणमा आधारित छन्।

# २. क्रियाकलाप तथा माइलस्टोनको प्रगति स्थिति

## २.१. आ.व. २०७८/७९ को क्रियाकलाप तथा माइलस्टोनको प्रगति

कुल १२७० क्रियाकलाप तथा २७९५ माईलस्टोनमध्ये असार मसान्तसम्ममा ३१.७३% क्रियाकलाप र ४१.७९% माइलस्टोन सम्पन्न भएका छन्। असारसम्म सम्पन्न हुनुपर्ने भनी निर्धारित क्रियाकलापहरूमध्ये ६२.८३% चालु अवस्थामा रहेका र ५.४३% शुरू हुन सकेका छैनन् भने माइलस्टोनहरूमध्ये ४७.०१% चालु अवस्थामा रहेका र ११.१६% शुरू हुन सकेका छैनन्। क्रियाकलाप र माइलस्टोनको कार्यान्वयनको प्रगति स्थितिलाई क्रमशः तालिका १ र २ मा प्रस्तुत गरिएको छः-

तालिका -१

कुल क्रियाकलापहरूको स्थिति

| क्षेत्र | आ.व. २०७९/८० को प्रगति | | | |
|---|---|---|---|---|
| | क्रियाकलाप संख्या | सम्पन्न भएका | चालु | शुरू नभएका |
| आर्थिक | ४२१ | १५७ | २५३ | ११ |
| पूर्वाधार | ३५६ | ७२ | २६१ | २३ |
| शासकीय सुधार | २६२ | ८५ | १६२ | १५ |
| सामाजिक | २३१ | ८९ | १२२ | २० |
| कूल | १२७० | ४०३ | ७९८ | ६९ |
| | प्रतिशत | ३१.७३ | ६२.८३ | ५.४३ |
| आ.व. २०७८/७९ को प्रगति | १२१३ | ४५३ | ६६५ | ९५ |
| | प्रतिशत | ३७.३५ | ५४.८२ | ७.८३ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

तालिका -२

कुल माइलस्टोनहरूको स्थिति


| क्षेत्र | कूल संख्या | आ.व. २०७९/८० को प्रगति | | |
|---|---|---|---|---|
| | | सम्पन्न भएका | सम्पन्न हुनुपर्ने मध्ये | |
| | | | चालु | शुरू नभएका |
| आर्थिक | ८७७ | ३८९ | ४१८ | ७० |
| पूर्वाधार | ८२८ | २४६ | ४७४ | १०८ |
| शासकीय सुधार | ५८४ | २८३ | २४८ | ५२ |
| सामाजिक | ५०६ | २५० | १७४ | ८२ |
| कूल | २७९५ | ११६८ | १३१४ | ३१२ |
| | प्रतिशत | ४१.७९ | ४७.०१ | ११.१६ |
| आ.व. २०७८/७९ को प्रगति | २६३६ | १२०२ | १०३८ | ३९६ |
| | प्रतिशत | ४५.६ | ३९.३७ | १५.०२ |


(स्रोतः एकीकृत अनुगमन प्रणाली)

मन्त्रालय तथा निकायहरूले असार महिनासम्म सम्पन्न गर्नुपर्ने क्रियाकलाप तथा माइलस्टोनको प्रगति प्रतिशत लेखाचित्र-१ मा प्रस्तुत गरिएको छः-

लेखाचित्र-१

कुल क्रियाकलाप तथा माईलस्टोनहरूको वार्षिक प्रगति स्थिति



## २.२. विगत तीन वर्षको क्रियाकलाप तथा माइलस्टोनको प्रगति


पछिल्लो तीन आर्थिक वर्षको क्रियाकलाप तथा माइलस्टोनको प्रगति अवस्थाको संक्षिप्त विश्लेषण गर्दा सम्पन्न प्रतिशत घट्दो क्रममा र चालु अवस्था (शुरू भई निश्चित लक्ष्य हासिल गरेका तर सम्पन्न हुन नसकेका) मा रहेको प्रतिशत बढ्दो क्रममा देखिएको छ। आ.व. २०७९/८० को प्रगति विवरण तुलनात्मक रूपमा झनै कम देखिएको छ। आ.व. २०७७/७८ मा ५२% क्रियाकलाप र ५९% माइलस्टोन सम्पन्न भएका थिए। आ.व. २०७८/७९ मा ३७% क्रियाकलाप तथा ४५% माइलस्टोन सम्पन्न भएका थिए भने आ.व. २०७९/८० मा जम्मा ३२% क्रियाकलाप तथा ४२% माइलस्टोन मात्र सम्पन्न भएका छन्। त्यसै गरी आ.व. २०७७/७८ मा ४७% क्रियाकलाप र ३७% माइलस्टोन, आ.व. २०७८/७९ मा ५५% क्रियाकलाप र ४०% माइलस्टोन र आ.व. २०७९/८० मा ३२% क्रियाकलाप र ४२% माइलस्टोन शुरू भइ निश्चित लक्ष्य हासिल गरी चालु अवस्थामा रहेका थिए। आ.व. २०७९/८० मा सम्पन्न गर्ने भनिएका ५% क्रियाकलाप र ११% माइलस्टोनहरू शुरू नै हुन नसकेको देखिएको छ भने आ.व. २०७७/७८ र २०७८/७९ मा शुरू हुन नसकेका क्रियाकलाप र माइलस्टोनहरू क्रमश १%, ४% र ८%, १५% प्रतिशत रहेका थिए। पछिल्लो तीन आर्थिक वर्षको क्रियाकलाप तथा माइलस्टोनहरूको प्रगति विवरण तालिका ३ र लेखाचित्र २ मा प्रस्तुत गरिएको छ।

**तालिका-३**
**विगत तीन वर्षको स्थिति**

| विवरण | सम्पन्न | | | चालु | | | शुरू नभएका | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ०७९/८० | ०७८/७९ | ०७७/७८ | ०७९/८० | ०७८/७९ | ०७७/७८ | ०७९/८० | ०७८/७९ | ०७७/७८ |
| क्रियाकलाप | ३२% | ३७% | ५२% | ६३% | ५५% | ४७% | ५% | ८% | १% |
| माइलस्टोन | ४२% | ४५% | ५९% | ४७% | ४०% | ३७% | ११% | १५% | ४% |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

लेखाचित्र २



## ३. खर्चसम्बन्धी प्रगति स्थिति

### ३.१. कुल खर्च विवरण

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यस आर्थिक वर्षमा नेपाल सरकारद्वारा विनियोजित कुल वजेटमध्ये असार मसान्तसम्ममा ७९.६९% खर्च भएको छ। यसमध्ये चालुतर्फ ८५%, पूँजीगततर्फ ६१.४४% तथा वित्तीय व्यवस्थापन तर्फ ८२.५८% खर्च भएको छ। कुल खर्चसम्बन्धी विवरण तालिका-४ मा राखिएको छ।

तालिका-४

२०८० असारसम्मको कुल खर्च विवरण

रु. अर्बमा

| विषय | चालु | पूँजीगत | वित्तीय | कुल |
|---|---|---|---|---|
| कुल वजेट | ११८३.२३ | ३८०.३८ | २३०.२१ | १७९३.८३७ |
| असार सम्मको खर्च | १००५.७५९ | २३३.६९५ | १९०.१०८ | १४२९.५६ |
| खर्च प्रतिशत | ८५% | ६१.४४% | ८२.५८% | ७९.६९% |

(स्रोतः महालेखा नियन्त्रक कार्यालय)

### ३.२. मन्त्रालयगत/निकायगत पूँजीगत खर्च विवरण

आ.व. ०७९/८० मा नेपाल सरकारको पूँजिगत खर्चको प्रगति ६१.४४% भएको छ। यस विश्लेषणमा समेटिएका २२ मन्त्रालयहरूमध्ये राष्ट्रिय औसत भन्दा माथि पूँजिगत खर्च गर्ने निकायहरू ९ छन् भने १३ वटा निकायहरूको पूँजिगत खर्चको प्रगति राष्ट्रिय औसत भन्दा कम देखिएको छ। तुलनात्मक रूपमा रक्षा मन्त्रालयको अधिकतम ९५.६६% र महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको न्यूनतम १३.३८% मात्र पूँजिगत खर्च भएको देखिएको छ। पूँजिगत खर्चको ४४.१३% प्रतिशत भार रहेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको ६४.७६% प्रगति देखिएको छ। त्यस्तै १५.६३% भार रहेको शहरी विकास मन्त्रालयको ५७.९५% र १०.४% भार रहेको ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको ७९.४३% प्रगति देखिएको छ। मन्त्रालयगत/निकायगत पूँजिगत खर्चको विवरण तालिका ५ तथा लेखाचित्र ३ मा प्रस्तुत गरिएको छ।

तालिका-५


मन्त्रालयगत पूँजीगत खर्च

| क्र.सं. | मन्त्रालय | भार (पूँजिगत खर्चमा) | पूँजिगत खर्च प्रतिशत |
|---|---|---|---|
| १ | रक्षा | २.२८ | ९५.६६ |
| २ | संघीय मामिला तथा सामान्य प्रशासन | ०.२० | ९४.७३ |
| ३ | उर्जा, जलस्रोत तथा सिंचाइ | १०.४० | ७९.४३ |
| ४ | स्वास्थ्य तथा जनसंख्या | ५.५२ | ७६.३९ |
| ५ | खानेपानी | ५.९१ | ७४.०६ |
| ६ | वन तथा वातावरण | १.३५ | ७१.९८ |
| ७ | गृह | ३.१७ | ७१.५२ |

| क्र.सं. | मन्त्रालय | भार (पूँजिगत खर्चमा) | पूँजिगत खर्च प्रतिशत |
|---|---|---|---|
| ८ | कानून, न्याय तथा संसदीय मामिला | ०.०१ | ६९.२९ |
| ९ | भौतिक पूर्वाधार तथा यातायात | ४४.१३ | ६४.७६ |
| १० | शहरी विकास | १५.६३ | ५७.९५ |
| ११ | सञ्चार तथा सूचना प्रविधि | ०.८९ | ५६.७२ |
| १२ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ०.२४ | ५६.३८ |
| १३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | १.०६ | ५३.८२ |
| १४ | शिक्षा, विज्ञान तथा प्रविधि | २.७० | ५२.४४ |
| १५ | कृषि तथा पशुपन्छी विकास | १.१२ | ४८.४८ |
| १६ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा | ०.०४ | ४४.७२ |
| १७ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | ०.४१ | ४१.४० |
| १८ | उद्योग, वाणिज्य तथा आपूर्ति | १.४८ | २७.७१ |
| १९ | युवा तथा खेलकूद | ०.२४ | २७.२१ |
| २० | परराष्ट्र | ०.१६ | १८.५० |
| २१ | अर्थ | २.९५ | १७.५३ |
| २२ | महिला बालबालिका तथा जेष्ठ नागरिक | ०.१० | १३.३८ |

(स्रोतः महालेखा नियन्त्रक कार्यालय)

लेखाचित्र ३



# ४. क्षेत्रगत प्रगति स्थिति

## ४.१ आर्थिक क्षेत्र

आर्थिक क्षेत्र अन्तर्गत अर्थ, कृषि तथा पशुपंक्षी विकास, उद्योग, वाणिज्य तथा आपूर्ति, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, वन तथा वातावरण, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र लगानी बोर्डको कार्यालयको विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालय तथा निकायहरूको क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

### (क) प्रमुख कार्यसम्पादन सूचकहरूको प्रगति स्थिति

यस क्षेत्रका मन्त्रालयगत रूपमा निर्धारण गरिएका वार्षिक कार्यसम्पादन सूचकहरूमध्ये केही मुख्य कार्यसम्पादन सूचकहरूको आ.व. २०७९/८० को प्रगति स्थिति देहाय बमोजिम रहेको छ।

**तालिका ६**

**आर्थिक क्षेत्रका कार्यसम्पादन सूचकहरूको प्रगति स्थिति**

| क्र.सं. | नतिजा सूचक | दिगो विकास लक्ष्य नं. | समीक्षा अवधि | भार | एकाइ | बेसलाइन | लक्ष्य | प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| १ | आर्थिक वृद्धि | ८ | बार्षिक | ५ | प्रतिशत | ५.८४ | ८ | २.१६ |
| २ | समग्र पूँजीगत खर्च | ८.१ | मासिक | ५ | रु अर्ब | २१६.३ | ३८० | २३४.१७ |
| ३ | राजस्व परिचालन | १७.१ | मासिक | २० | रु अर्ब | ११५१ | १४०३ | १०१०.३९ |
| ४ | वैदेशिक सहायताको परिचालन | १७.३ | मासिक | १० | रु अर्ब | १९६ | २९८ | २१८.०५ |
| ५ | उपभोक्ता मुद्रास्फिति (वार्षिक विन्दुगत) | ८.१ | मासिक | ५ | प्रतिशत | ६.२८ | ७ | ७.७४ |
| ६ | विदेशी विनिमय संचिति | ८ | मासिक | ५ | रु अर्ब | १२१५.८ | ११२० | १५३९.३६ |
| ७ | धान उत्पादन | २.३.१ | वार्षिक | ५ | मे.टन (हजारमा) | ५१३० | ६००० | ५४८६ |
| ८ | रासायनिक मल आपूर्ति | २ | मासिक | | मे.टन (हजारमा) | २०० | १६० | ३७६.८७ |
| ९ | ठुला उद्योग दर्ता | ९.२ | मासिक | ५ | संख्या | | १२० | ६६ |
| १० | मझौला उद्योग दर्ता | ९.२ | मासिक | ५ | संख्या | | १५० | ७० |
| ११ | घरेलु तथा साना उद्योग दर्ता | ९.३ | मासिक | ५ | संख्या (हजारमा) | ९३ | ११० | १८६ |
| १२ | उद्योगबाट थप रोजगारी सिर्जना | ९.२ | बार्षिक | १० | जना (हजारमा) | ३२.२ | ३५.५ | २३ |
| १३ | कूल निकासी | १७.११ | मासिक | ५ | रू. अर्ब | २००.०३ | २५० | १५७ |
| १४ | कूल आयात | १७.११ | मासिक | ५ | रू. अर्ब | १९२०.४ | १५०० | १६०० |
| १५ | उद्योगमा वैदेशिक लगानी | १० | मासिक | १० | रू. अर्ब | ३२.२ | ३५.५ | ३३ |
| १६ | पर्यटक आगमन | ८.९ | मासिक | १० | संख्या (लाखमा) | १.५ | १० | ८.१६ |
| १७ | पर्यटकको बसाई अवधि | ८.९ | बार्षिक | १० | दिन | १५.५ | १७ | १३.१ |

| क्र.सं. | नतिजा सूचक | दिगो विकास लक्ष्य नं. | समीक्षा अवधि | भार | एकाइ | बेसलाइन | लक्ष्य | प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| १८ | प्रति पर्यटक प्रतिदिन खर्च | ८.९ | बार्षिक | १० | US $ डलर | ४८ | ७० | ४०.५ |
| १९ | वन क्षेत्रबाट राजस्व रकम | १७.१ | मासिक | १० | रु. अर्ब | ५.५ | ५ | ४.७८ |
| २० | काठको उत्पादन | १२.२ | मासिक | १० | क्यु.फिट (लाखमा) | २१७.९ | २७५ | ३१८.६ |
| २१ | वायु प्रदुषणको औसत मात्रा (पि पि एम २.५) | ११.६ | मासिक | ५ | माइक्रोग्राम प्रति घन मिटर | ३७.३७ | ४२ | ४३.१७ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

**(ख) क्रियाकलापको प्रगति स्थिति**

आ.व. २०७९/८० मा यस क्षेत्रसँग सम्बन्धित मन्त्रालय/निकायहरूका वार्षिक कार्ययोजना कार्यान्वयनको तुलनात्मक स्थिति हेर्दा लगानी बोर्डको कार्यालयको सबैभन्दा धेरै ७२.७३% क्रियाकलापहरू सम्पन्न भएका छन् भने २७.२७% चालु अवस्थामा रहेका छन्। त्यसैगरी, कृषि, तथा पशुपंक्षी विकास मन्त्रालयको ६०.९८% सम्पन्न भएका छन् भने ३२.९३% चालु अवस्थामा रहेका छन्। अर्थ मन्त्रालयको ३९.८% क्रियाकलापहरू सम्पन्न भएका छन् भने ६०.२% चालु अवस्थामा रहेका छन्। वन तथा वातावरण मन्त्रालयको ३३.३३%, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको ३०.२६%, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको १७.३१% र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको १३.४६% क्रियाकलाप मात्र सम्पन्न भएको देखिएको छ। समग्र आर्थिक क्षेत्रको क्रियाकलापको प्रगति स्थिति हेर्दा ३७.२९% सम्पन्न भएको, ६०.१% चालु अवस्थामा रहेको र २.६१% कार्य शुरू हुन नसकेको अवस्था देखिएको छ। यस क्षेत्रका क्रियाकलापहरूको सम्पादन सम्बन्धी विस्तृत विवरण तालिका-७ मा उल्लेख गरिएको छ।

**तालिका-७**
**आर्थिक क्षेत्रका क्रियाकलापको वार्षिक प्रगति स्थिति**

| क्र.स. | मन्त्रालय/निकाय | कुल क्रियाकलाप | सम्पन्न | | चालु | | शुरू नभएका | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | अर्थ | ९८ | ३९ | ३९.८० | ५९ | ६०.२० | ० | ०.०० |
| २ | कृषि तथा पशुपंछी विकास | ८२ | ५० | ६०.९८ | २७ | ३२.९३ | ५ | ६.१० |
| ३ | उद्योग, वाणिज्य तथा आपूर्ति | ७६ | २३ | ३०.२६ | ५० | ६५.७९ | ३ | ३.९५ |
| ४ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | ५२ | ९ | १७.३१ | ४३ | ८२.६९ | ० | ०.०० |
| ५ | वन तथा वातावरण | ३९ | १३ | ३३.३३ | २५ | ६४.१० | १ | २.५६ |
| ६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | ५२ | ७ | १३.४६ | ४३ | ८२.६९ | २ | ३.८५ |
| ७ | लगानी बोर्डको कार्यालय | २२ | १६ | ७२.७३ | ६ | २७.२७ | ० | ०.०० |
| कुल | | ४२१ | १५७ | ३७.२९ | २५३ | ६०.१० | ११ | २.६१ |

स्रोतः एकीकृत अनुगमन प्रणाली)

**(ग) माइलस्टोनको प्रगति स्थिति**

आर्थिक क्षेत्रका ७ निकायहरूको समग्र स्थिति हेर्दा आ.व. २०७९/८० मा सम्पन्न हुनुपर्ने माईलस्टोनहरूमध्ये ४४.४% माइलस्टोन मात्र सम्पन्न भएका छन्। यस अवधिमा सम्पन्न हुनुपर्ने माइलस्टोनमध्ये ४७.७% चालु अवस्थामा रहेका छन् भने ८% शुरू हुन सकेका छैनन्। तुलनात्मक रूपमा सबैभन्दा धेरै ७५.९% माइलस्टोन सम्पन्न भएको लगानी बोर्डको कार्यालयको २४.1% माइलस्टोन चालु अवस्थामा रहेको देखिएको छ। त्यस्तै कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको पनि ६८.४% माइलस्टोन सम्पन्न भएको देखिएको छ। यस क्षेत्रका माइलस्टोनहरूको समग्र प्रगतिसम्बन्धी विवरण तालिका-८ मा प्रस्तुत गरिएको छ।

**तालिका-८**
**आर्थिक क्षेत्रका निकायहरूको माइलस्टोनहरूको आ.व.२०७९/८० को प्रगति स्थिति**

| क्र.सं. | मन्त्रालय/ निकाय | माइलस्टोन संख्या | सम्पन्न हुनुपर्नेमध्ये | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सम्पन्न | | चालु | | शुरू नभएको | |
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | अर्थ | १४१ | ६१ | ४३.३ | ७६ | ५३.९ | ४ | २.८ |
| २ | कृषि | २१५ | १४७ | ६८.४ | ४५ | २०.९ | २३ | १०.७ |
| ३ | उद्योग | १३४ | ५५ | ४१.० | ७० | ५२.२ | ९ | ६.७ |
| ४ | संस्कृति | ११७ | ३० | २५.६ | ८३ | ७०.९ | ४ | ३.४ |
| ५ | वन | ७५ | ३० | ४०.० | ३८ | ५०.७ | ७ | ९.३ |
| ६ | भूमि व्यवस्था | १६६ | ४४ | २६.५ | ९९ | ५९.६ | २३ | १३.९ |
| ७ | लगानी बोर्ड | २९ | २२ | ७५.९ | ७ | २४.१ | ० | ०.० |
| | कुल | ८७७ | ३८९ | ४४.४ | ४१८ | ४७.७ | ७० | ८ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

यस क्षेत्र अन्तर्गतका मन्त्रालय तथा निकायहरूको पूर्व निर्धारित कार्ययोजना अनुसारको कार्यसम्पादनको समय अनुसार विश्लेषण गर्दा आ.व. २०७९/८० मा सम्पन्न हुनुपर्ने ८७७ माइलस्टोनहरूमध्ये ३८९ मात्र सम्पन्न भएका छन् भने सम्पन्न ३८९ माईलस्टोनमध्ये २२४ समयमै सम्पन्न भएका छन्। कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको ६४ सहित १५३ माइलस्टोनहरू निर्धारित समयभन्दा ढिलो सम्पन्न भएका छन्। कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको ६ र अन्यको ६ गरी जम्मा १२ माइलस्टोनहरू निर्धारित समय भन्दा छिटो सम्पन्न भएका छन्। आर्थिक क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको सम्पन्न स्थिति तालिका-९ मा प्रस्तुत गरिएको छ।

तालिका-९

आर्थिक क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको प्रगति स्थिति

| क्र.स. | मन्त्रालय/निकाय | माइलस्टोन संख्या | कुल सम्पन्न | छिटो सम्पन्न | समयमै सम्पन्न | ढिलो सम्पन्न |
|---|---|---|---|---|---|---|
| १ | अर्थ | १४१ | ६१ | २ | ३३ | २६ |
| २ | कृषि तथा पशुपंछी विकास | २१५ | १४७ | ६ | ७७ | ६४ |
| ३ | उद्योग, वाणिज्य तथा आपूर्ति | १३४ | ५५ | १ | २१ | ३३ |
| ४ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | ११७ | ३० | ३ | २७ | ० |
| ५ | वन तथा वातावरण | ७५ | ३० | ० | १५ | १५ |
| ६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | १६६ | ४४ | ० | ३३ | ११ |
| ७ | लगानी बोर्डको कार्यालय | २९ | २२ | ० | १८ | ४ |
| कुल | | ८७७ | ३८९ | १२ | २२४ | १५३ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

## ४.२ पूर्वाधार क्षेत्र

पूर्वाधार क्षेत्र अन्तर्गत भौतिक पूर्वाधार तथा यातायात, उर्जा, जलस्रोत तथा सिँचाई, शहरी विकास, खानेपानी र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालयहरूको क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

### (क) प्रमुख कार्यसम्पादन सूचकहरूको प्रगति स्थिति

यस क्षेत्रका मन्त्रालयगत रूपमा निर्धारण गरिएका वार्षिक कार्यसम्पादन सूचकहरूमध्ये केही मुख्य कार्यसम्पादन सूचकहरूको आ.व. २०७९/८० को प्रगति स्थिति देहाय बमोजिम रहेको छ।

तालिका-१०

पूर्वाधार क्षेत्रका कार्यसम्पादन सूचकहरूको प्रगति स्थिति

| क्र.सं. | नतिजा सूचक | दिगो विकास लक्ष्य नं. | समीक्षा अवधि | भार | एकाइ | बेसलाइन | लक्ष्य | प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| १ | कालो पत्रे सडक (दुई लेन) | ९.१ | मासिक | १० | कि.मि. | १६८९८ | १८२९८ | १७६९२ |
| २ | पुल निर्माण | ९.१ | मासिक | ५ | वटा | २९९५ | ३२९५ | ३१९१ |
| ३ | रेल मार्ग (ट्र्याक निर्माण) | ९.१ | मासिक | ५ | कि.मि. | १११.५ | १२३.५ | ११८ |
| ४ | शुरूङ निर्माण | ९.१ | मासिक | ५ | कि.मी. | ३.१२ | ५.४९ | ४.९३ |
| ५ | थप जग्गामा सिंचाइ सुविधा (संघीयस्तर मात्र) | २.४ | मासिक | २.५ | हेक्टर (हजारमा) | १५३१ | १५५२.७ | १५५०.५ |
| ६ | जल विद्युत् उत्पादन क्षमता | ७.२.१ | मासिक | १० | मे.वा. | २२६९ | ३००५ | २७६७ |

| क्र.सं. | नतिजा सूचक | दिगो विकास लक्ष्य नं. | समीक्षा अवधि | भार | एकाइ | बेसलाइन | लक्ष्य | प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| ७ | प्रसारण लाइन निर्माण (६६ के.भि. भन्दा बढी) | ७.२ | त्रैमासिक | १० | स.कि.मि. | ५०८६ | ५५३३ | ५४८४ |
| ८ | ३३ के भि प्रसारण लाईन विस्तार | ७.२ | त्रैमासिक | २.५ | स.कि.मि. | ६११८ | ६५४८ | ६६२० |
| ९ | प्रतिव्यक्ति विद्युत् खपत | ७.१.१.३ | वार्षिक | २.५ | कि.वा. घण्टा | ३५१ | ४०० | ४०० |
| १० | सहरी सडक स्तरोन्नती/निर्माण | ११ | वार्षिक | २० | कि.मी. | ९०० | १००० | ३४०५ |
| ११ | आधारभूतस्तरको खानेपानी सेवाबाट लाभान्वित जनसंख्या | ६.१.१ | वार्षिक | १५ | प्रतिशत | ९४.९३ | ९७ | ९५ |
| १२ | उच्च मध्यमस्तरको खानेपानी सेवाबाट लाभान्वित जनसंख्या | ६.१.१ | वार्षिक | २० | प्रतिशत | २५.६९ | ३० | २६ |
| १३ | नागरिक एपमा आवद्ध सेवा | १६ | मासिक | २.५ | संख्या | ४५ | ७५ | ६१ |
| १४ | अप्टिकल फाइबर विस्तार | १७.६.२ | मासिक | ५ | कि.मी. | १२२२४ | १४५०० | १४५०० |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

### (ख) क्रियाकलापको प्रगति स्थिति

यस क्षेत्रअन्तर्गतका क्रियाकलापहरूको असारमसान्तसम्म कार्यसम्पादनको स्थिति हेर्दा खानेपानी मन्त्रालयको ३०.२३% क्रियाकलाप सम्पन्न भएका छन्। त्यसै गरी उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको २६.२४%, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको २४.४९%, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको १०.९४% र शहरी विकास मन्त्रालयको ५.०८% क्रियाकलाप मात्र सम्पन्न भएका छन्। समग्रमा यस क्षेत्रका क्रियाकलापहरूको प्रगति स्थिति न्यून रहेको छ। पूर्वाधार क्षेत्रका क्रियाकलापको प्रगति स्थिति तालिका-११ मा प्रस्तुत गरिएको छ।

तालिका-११
**पूर्वाधार क्षेत्रका क्रियाकलापको प्रगति स्थिति**

| क्र.स. | मन्त्रालय/निकाय | कुल क्रियाकलाप | सम्पन्न | | चालु | | कार्य शुरू नभएका | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | भौतिक पूर्वाधार तथा यातायात | ६४ | ७ | १०.९४ | ५० | ७८.१३ | ७ | १०.९४ |
| २ | ऊर्जा, जलस्रोत तथा सिंचाई | १४१ | ३७ | २६.२४ | ९७ | ६८.७९ | ७ | ४.९६ |
| ३ | शहरी विकास | ५९ | ३ | ५.०८ | ५१ | ८६.४४ | ५ | ८.४७ |
| ४ | खानेपानी | ४३ | १३ | ३०.२३ | २६ | ६०.४७ | ४ | ९.३० |
| ५ | सञ्चार तथा सूचना प्रविधि | ४९ | १२ | २४.४९ | ३७ | ७५.५१ | ० | ०.०० |
| | कुल | ३५६ | ७२ | २०.२२ | २६१ | ७३.३१ | २३ | ६.४६ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

**(ग) माइलस्टोनको प्रगति स्थिति**

यस समूहभित्र रहेका मन्त्रालयहरूमध्ये खानेपानी मन्त्रालयको सम्पन्न हुनुपर्ने माइलस्टोन मध्ये ३७.८% सम्पन्न भएका छन् भने ४८% चालु अवस्थामा रहेको देखिएको छ। सञ्चार तथा सूचना प्रविधि र उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको क्रमशः ३६.८% र ३६.५% माइल्सटोन सम्पन्न भएका छन् भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको १५.२% र सहरी विकास मन्त्रालयको १३.३% माइलस्टोन मात्र सम्पन्न भएका छन्। पूर्वाधार क्षेत्रका माइलस्टोनहरूको समग्र प्रगति तालिका-१२ मा प्रस्तुत गरिएको छ।

तालिका-१२

**पूर्वाधार क्षेत्रका माइलस्टोनहरूको आ.व.२०७९/८० को प्रगति स्थिति**

| क्र.सं. | मन्त्रालय/ निकाय | माइलस्टोन संख्या | सम्पन्न हुनुपर्नेमध्ये | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सम्पन्न | | चालु | | शुरू नभएको | |
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | भौतिक पूर्वाधार | १३२ | २० | १५.२ | ८७ | ६५.९ | २५ | १८.९ |
| २ | ऊर्जा, जलस्रोत | ३५३ | १२९ | ३६.५ | १८५ | ५२.४ | ३९ | ११.० |
| ३ | सहरी विकास | १२८ | १७ | १३.३ | ८९ | ६९.५ | २२ | १७.२ |
| ४ | खानेपानी | ९८ | ३७ | ३७.८ | ४७ | ४८.० | १४ | १४.३ |
| ५ | सञ्चार | ११७ | ४३ | ३६.८ | ६६ | ५६.४ | ८ | ६.८ |
| कुल | | ८२८ | २४६ | २९.७ | ४७४ | ५७.२ | १०८ | १३.० |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

यस क्षेत्र अन्तर्गतका मन्त्रालयहरूको आर्थिक वर्ष २०७९/८० को लागि वार्षिक कार्ययोजनामा निर्धारण गरिएका कुल ८२८ माइलस्टोनमध्ये यस अवधिमा कुल २४६ माइलस्टोन मात्र सम्पन्न भएका छन्। सम्पन्न माइलस्टोनहरूको समयसीमाका आधारमा विश्लेषण गर्दा ४५ माइल्स्टोन ढिलो सम्पन्न भएका छन् भने ५ माइल्स्टोन छिटो सम्पन्न भएका छन्। बाँकी १९६ समयमै सम्पन्न भएका छन। समय सारिणीअनुसार माइलस्टोनको प्रगति तालिका-१३ मा प्रस्तुत गरिएको छ।

तालिका-१३

**पूर्वाधार क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको प्रगति स्थिति**

| क्र.स. | मन्त्रालय | माइल्स्टोन्स संख्या | सम्पन्न | छिटो सम्पन्न | समयमै सम्पन्न | ढिलो सम्पन्न |
|---|---|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १३२ | २० | ० | १८ | २ |
| २ | ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | ३५३ | १२९ | २ | ११४ | १३ |
| ३ | सहरी विकास मन्त्रालय | १२८ | १७ | ० | १७ | ० |
| ४ | खानेपानी मन्त्रालय | ९८ | ३७ | ० | २८ | ९ |
| ५ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ११७ | ४३ | ३ | १९ | २१ |
| कुल | | ८२८ | २४६ | ५ | १९६ | ४५ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

## ४.३ सामाजिक क्षेत्र

सामाजिक क्षेत्र अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि, स्वास्थ्य तथा जनसंख्या, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, युवा तथा खेलकुद र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रगति विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालयहरूको क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

### (क) प्रमुख कार्यसम्पादन सूचकहरूको प्रगति स्थिति

यस क्षेत्रका मन्त्रालयगत रूपमा निर्धारण गरिएका वार्षिक कार्यसम्पादन सूचकहरूमध्ये केही मुख्य कार्यसम्पादन सूचकहरूको आ.व. २०७९/८० को प्रगति स्थिति देहाय बमोजिम रहेको छ।

**तालिका-१४**

**सामाजिक क्षेत्रका कार्यसम्पादन सूचकहरूको प्रगति स्थिति**

| क्र.सं. | नतिजा सूचक | दिगो विकास लक्ष्य नं. | समीक्षा अवधि | भार | एकाइ | बेसलाइन | लक्ष्य | प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| १ | पूर्व प्राथमिक शिक्षामा सहजै देखिने भर्ना दर | ४.२.२.२ | बार्षिक | ५ | प्रतिशत | ८९.६ | ९० | ९४.९ |
| २ | खूद भर्ना दर, माध्यमिक तह (कक्षा ९-१२) | ४.१.१ | बार्षिक | ५ | प्रतिशत | ५४ | ५५.८ | ५७.४ |
| ३ | आधारभूत तह कक्षा १ देखि ८ पूरा गर्ने दर | ४.१.१.३ | बार्षिक | ५ | प्रतिशत | ७६.२ | ७८.२ | ७७.१ |
| ४ | टिकाउ दर कक्षा ८ सम्म | ४.१.१.७ | बार्षिक | ५ | प्रतिशत | ८३.५ | ८४.९ | ८५.७ |
| ५ | टिकाउ दर कक्षा ९-१२ सम्म | ४.१.१.७ | बार्षिक | ५ | प्रतिशत | ३३.१ | ३४.८ | ३५.६ |
| ६ | इन्टरनेट सुविधा उपलब्ध भएका सामुदायिक विद्यालय | ४.क.२ | मासिक | ५ | प्रतिशत | ५१.२५ | ५४ | ५२.२८ |
| ७ | प्राविधिक तथा व्यावसायिक शिक्षा पुगेका स्थानीय तह | ४.३ | मासिक | १० | संख्या | ६५५ | ६८० | ६८० |
| ८. | प्रदेश रंगशालाहरूको निर्माण | १६ | मासिक | १५ | प्रतिशत | ३० | ३५ | ३३.५ |
| ९. | युवा स्वरोजगार कोषबाट स्वरोजगार सिर्जना | ८ | मासिक | १५ | कार्यदिन हजारमा | ९१.५४ | १२ | १२.०४ |
| १०. | ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार | ३.१ | मासिक | १० | जना | ३८५ | ५३५ | ५५२ |
| ११ | श्रम अडिट | ८.८ | मासिक | १० | प्रतिष्ठान संख्या | २९१९ | ५००० | ३४२३ |
| १२ | सामाजिक सुरक्षा कोषमा लाभग्राहीको संख्या | १.३ | मासिक | १० | संख्या हजारमा | ३४६.७४ | ५०० | ६५० |
| १३ | सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान/ रोजगारदाताको संख्या | ८ | मासिक | १५ | संख्या हजारमा | १७.१९ | ३० | १८.०२ |

| क्र.सं. | नतिजा सूचक | दिगो विकास लक्ष्य नं. | समीक्षा अवधि | भार | एकाइ | बेसलाइन | लक्ष्य | प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| १४ | प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रोजगारी | ४.४ | मासिक | १० | जना (हजारमा) | १०.७३ | ८६ | ६८.२९ |
| १५ | कोभिडको पूर्ण खोप प्राप्त जनसंख्या | ३ | मासिक | | संख्या हजार | २०४४४ | २७१०० | २२३२४ |
| १६ | निशुल्क उपलब्ध औषधि (स्थानीय अस्पतालमा) | ३.ख.३ | मासिक | ५ | संख्या | ४९ | १०० | ७० |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

### (ख) क्रियाकलापको प्रगति स्थिति

यस क्षेत्रसंग सम्बन्धित मन्त्रालयहरूका कुल २३१ क्रियाकलापहरू रहेकामा केवल ३८.५३% सम्पन्न भएका, ५२.८१% चालु अवस्थामा रहेका र ८.६६% शुरू नभएको देखिएको छ। समूहमा सबै भन्दा धेरै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको ७०.३७% क्रियाकलाप सम्पन्न भएका छन् भने महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको ६८.४२%, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको ५४.२४%, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको २२.०६% र युवा तथा खेलकुद मन्त्रालयको १७.२४% क्रियाकलापमात्र सम्पन्न भएको देखिएको छ। त्यसैगरी चालु रहेकामा सबैभन्दा धेरै युवा तथा खेलकुद मन्त्रालयको ६७.२४% क्रियाकलापहरू चालु अवस्थामा रहेका छन्। शुरू नभएका कुल क्रियाकलापहरू ८.६६% मध्ये सबैभन्दा धेरै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको १६.१८% देखिएको छ भने महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सबै क्रियाकलापहरू शुरू भएको देखिएको छ। सामाजिक क्षेत्रका क्रियाकलापहरूको कार्यान्वयनसम्बन्धी प्रगति विवरण तालिका-१५ मा प्रस्तुत गरिएको छः-

तालिका-१५
**सामाजिक क्षेत्रका क्रियाकलापको आ.व. २०७९/८० को प्रगति स्थिति**

| क्र.स. | मन्त्रालय/निकाय | कुल क्रियाकलाप | सम्पन्न | | चालु | | शुरू नभएका | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ५९ | ३२ | ५४.२४ | २७ | ४५.७६ | ० | ०.०० |
| २ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ६८ | १५ | २२.०६ | ४२ | ६१.७६ | ११ | १६.१८ |
| ३ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | १९ | १३ | ६८.४२ | ६ | ३१.५८ | ० | ०.०० |
| ४ | युवा तथा खेलकुद मन्त्रालय | ५८ | १० | १७.२४ | ३९ | ६७.२४ | ९ | १५.५२ |
| ५ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २७ | १९ | ७०.३७ | ८ | २९.६३ | ० | ०.०० |
| कुल | | २३१ | ८९ | ३८.५३ | १२२ | ५२.८१ | २० | ८.६६ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

(ग) माइलस्टोनको प्रगति स्थिति

यस क्षेत्रका कुल ५०६ माइलस्टोनमध्ये केवल ४९.४% माइलस्टोन मात्र सम्पन्न भएका, ३४.४% माइलस्टोन चालु रहेका र १६.२% माइलस्टोन शुरू हुन सकेका छैनन्। सम्पन्न भएका माइलस्टोनहरूमध्ये सबैभन्दा धेरै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको ७६% रहेको छ भने महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको ७४.४%, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको ६६.७%, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ३१.८% र युवा तथा खेलकुद मन्त्रालयको २८.४% रहेका छन्। चालु अवस्थामा सबैभन्दा धेरै युवा तथा खेलकुद मन्त्रालयको ४५% माइलस्टोन रहेका छन्। सम्पन्न हुनुपर्ने मध्ये स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय दुवैको २६.६% माइलस्टोनहरू शुरू हुन सकेका छैनन्। सामाजिक क्षेत्रका माइलस्टोनहरूको कार्यप्रगतिसम्बन्धी विवरण तालिका-१६ मा प्रस्तुत गरिएको छ।

तालिका-१६

सामाजिक क्षेत्रका माइलस्टोनहरूको आ.व.२०७८/७९ को प्रगति स्थिति

| क्र.सं. | मन्त्रालय/ निकाय | माइलस्टोन संख्या | सम्पन्न हुनुपर्नेमध्ये | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सम्पन्न | | चालु | | शुरू नभएको | |
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | शिक्षा, विज्ञान तथा प्रविधि | १५० | १०० | ६६.७ | ४० | २६.७ | १० | ६.७ |
| २ | स्वास्थ्य तथा जनसंख्या | १५४ | ४९ | ३१.८ | ६४ | ४१.६ | ४१ | २६.६ |
| ३ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | ४३ | ३२ | ७४.४ | ९ | २०.९ | २ | ४.७ |
| ४ | युवा तथा खेलकुद | १०९ | ३१ | २८.४ | ४९ | ४५.० | २९ | २६.६ |
| ५ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा | ५० | ३८ | ७६.० | १२ | २४.० | ० | ०.० |
| कुल | | ५०६ | २५० | ४९.४ | १७४ | ३४.४ | ८२ | १६.२ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

यस क्षेत्र अन्तर्गतका मन्त्रालय तथा निकायहरूको आर्थिक वर्ष २०७९/८० को लागि वार्षिक कार्ययोजनामा निर्धारण गरिएका कुल ५०६ माइलस्टोनमध्ये यस अवधिमा कुल २५० माइलस्टोन सम्पन्न भएका छन्। सम्पन्न माइलस्टोनको समयसीमाका आधारमा हेर्दा ढिलो १२१, छिटो ६ र १२३ माइलस्टोनहरू समयमै सम्पन्न भएको देखिन्छ। समयसारिणीका आधारमा सामाजिक क्षेत्रका माइलस्टोनहरूको प्रगति स्थिति तालिका-१७ मा प्रस्तुत छ।

तालिका-१७

**सामाजिक क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको प्रगति स्थिति**

| क्र.स. | मन्त्रालय | माइल्स्टोन संख्या | सम्पन्न | छिटो सम्पन्न | समयमै सम्पन्न | ढिलो सम्पन्न |
|---|---|---|---|---|---|---|
| १ | शिक्षा, विज्ञान तथा प्रविधि | १५० | १०० | २ | ४० | ५८ |
| २ | स्वास्थ्य तथा जनसंख्या | १५४ | ४९ | ० | २६ | २३ |
| ३ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | ४३ | ३२ | ० | २१ | ११ |
| ४ | युवा तथा खेलकुद | १०९ | ३१ | ० | १९ | १२ |
| ५ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा | ५० | ३८ | ४ | १७ | १७ |
| कुल | | ५०६ | २५० | ६ | १२३ | १२१ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

## ४.४ शासकीय सुधार क्षेत्र

शासकीय सुधार क्षेत्र अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, परराष्ट्र मन्त्रालय, राष्ट्रिय योजना आयोग, सार्वजनिक खरिद अनुगमन कार्यालय र राष्ट्रिय सतर्कता केन्द्र को विश्लेषण गरिएको छ। यस समूह अन्तर्गतका मन्त्रालय तथा निकायहरूका क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

### (क) प्रमुख कार्यसम्पादन सूचकहरूको प्रगति स्थिति

यस क्षेत्रका मन्त्रालयगत रूपमा निर्धारण गरिएका वार्षिक कार्यसम्पादन सूचकहरूमध्ये केही मुख्य कार्यसम्पादन सूचकहरूको आ.व. २०७९/८० को प्रगति स्थिति देहाय बमोजिम रहेको छ।

तालिका-१८

**शासकीय सुधार क्षेत्रका कार्यसम्पादन सूचकहरूको प्रगति स्थिति**

| क्र. सं. | नतिजा सूचक | दिगो विकास लक्ष्य नं. | समीक्षा अवधि | भार | एकाइ | बेसलाइन | लक्ष्य | प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत राष्ट्रिय परिचय पत्रको विवरण संकलन | १६ | बार्षिक | १० | संख्या लाख | ८१ | १५० | १३१.५ |
| २ | एकीकृत राष्ट्रिय परिचयपत्र वितरण | १६ | वार्षिक | १० | संख्या लाख | १ | २० | २.७ |
| ३ | दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराधका घटनाको अनुसन्धान | १६ | मासिक | १० | प्रतिशत | ८४ | ९० | ८३ |
| ३ | काठमाण्डौं तराई/मधेश द्रुतमार्ग | ९.१ | मासिक | २० | प्रतिशत | २१.१८ | ३८.३५ | २५.५४ |
| ४ | विद्युतीय राहदानी वितरण | १६ | मासिक | २१ | संख्यालाख | ४७८ | १०७८ | १९४२.३५ |

| क्र.सं. | नतिजा सूचक | दिगो विकास लक्ष्य नं. | समीक्षा अवधि | भार | एकाइ | बेसलाइन | लक्ष्य | प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| ५ | विदेशमा रहेका नेपालीहरूलाई कानूनी सहायता | १७ | त्रैमासिक | १५ | संख्या | १६०० | ११०० | २४४१ |
| ६ | व्यवस्थापन परीक्षण गरेका निकाय | १६ | मासिक | १० | वटा | १० | २० | २१ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

### (ख) क्रियाकलापको प्रगति स्थिति

यस क्षेत्र अन्तर्गत रहेका मन्त्रालय तथा निकायहरूका कुल २६२ क्रियाकलाप रहेकामा केवल ३२.४४% क्रियाकलाप मात्र सम्पन्न भएका छन् भने ६१.८३% चालु रहेका र ५.७३% क्रियाकलापहरू शुरू हुन सकेका छैनन्। गृह मन्त्रालय मन्त्रालय बाहेकका निकायहरूको सम्पन्न प्रतिशत ५०% भन्दा कम देखिएका छन्।शासकीय सुधार क्षेत्रका क्रियाकलापहरूको प्रगति स्थिति तालिका १९ मा प्रस्तुत गरिएको छः

तालिका-१९

**शासकीय सुधार क्षेत्रका क्रियाकलापहरूको आ.व. २०७९/८० को प्रगति स्थिति**

| क्र.स. | मन्त्रालय/निकाय | कुल क्रियाकलाप | सम्पन्न | | चालु | | शुरू नभएको | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३१ | ७ | २२.५८ | १९ | ६१.२९ | ५ | १६.१३ |
| २ | गृह | ७७ | ४० | ५१.९५ | ३५ | ४५.४५ | २ | २.६० |
| ३ | रक्षा | ३२ | ३ | ९.३८ | २९ | ९०.६३ | ० | ०.०० |
| ४ | सङ्घीय मामिला तथा सामान्य प्रशासन | ५१ | १९ | ३७.२५ | ३२ | ६२.७५ | ० | ०.०० |
| ५ | कानुन,न्याय तथा संसदीय मामिला | १५ | २ | १३.३३ | १३ | ८६.६७ | ० | ०.०० |
| ६ | परराष्ट्र | २३ | १० | ४३.४८ | ९ | ३९.१३ | ४ | १७.३९ |
| ७ | राष्ट्रिय योजना आयोग | १८ | २ | ११.११ | १६ | ८८.८९ | ० | ०.०० |
| ८ | सार्वजनिक खरिद अनुगमन कार्यालय | ९ | ० | ०.०० | ७ | ७७.७८ | २ | २२.२२ |
| ९ | राष्ट्रिय सतर्कता केन्द्र | ६ | २ | ३३.३३ | २ | ३३.३३ | २ | ३३.३३ |
| | कुल | २६२ | ८५ | ३२.४४ | १६२ | ६१.८३ | १५ | ५.७३ |

स्रोतः एकीकृत अनुगमन प्रणाली)

### (ग) माइलस्टोनको प्रगति स्थिति

यस समूहभित्र कुल ५८४ माइलस्टोनहरू रहेकामा केवल ४८.५% मात्र सम्पन्न भएका छन् भने ४२.५% चालु रहेका र ८.९% शुरू नै हुन सकेका छैनन्। गृह मन्त्रालयको सबैभन्दा धेरै ६९.१% माइलस्टोन सम्पन्न भएको देखिएको छ। राष्ट्रिय सतर्कता केन्द्र, परराष्ट्र मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको माइलस्टोनहरूको सम्पन्न प्रतिशत क्रमशः ६१.५%, ५६.८% र ५०% रहेका छन्

भने बाँकी निकायहरूको सम्पन्न प्रतिशत ५०% भन्दा कम रहेको छ। शासकीय सुधार क्षेत्रका माइलस्टोनहरूको प्रगति स्थिति तालिका-२० मा प्रस्तुत गरिएको छः-

तालिका-२०

शासकीय सुधार क्षेत्रका माइलस्टोनको आ.व.२०७९/८० को प्रगति विवरण

| क्र.सं. | मन्त्रालय/ निकाय | माइल स्टोन संख्या | सम्पन्न हुनुपर्नेमध्ये | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सम्पन्न | | चालु | | शुरू नभएको | |
| | | | संख्या | प्रति शत | सं ख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | प्र.म. तथा म.प.को कार्यालय | ५१ | १३ | २५.५ | २७ | ५२.९ | ११ | २१.६ |
| २ | गृह | २०७ | १४३ | ६९.१ | ५३ | २५.६ | ११ | ५.३ |
| ३ | रक्षा | ९१ | २२ | २४.२ | ६५ | ७१.४ | ४ | ४.४ |
| ४ | सङ्घीय मामिला तथा सामान्य प्रशासन | १०२ | ५१ | ५०.० | ५१ | ५०.० | ० | ०.० |
| ५ | कानुन, न्याय तथा संसदीय मामिला | ३१ | १४ | ४५.२ | १० | ३२.३ | ७ | २२.६ |
| ६ | परराष्ट्र | ३७ | २१ | ५६.८ | १० | २७.० | ६ | १६.२ |
| ७ | राष्ट्रिय योजना आयोग | ३२ | ७ | २१.९ | २२ | ६८.८ | ३ | ९.४ |
| ८ | सार्वजनिक खरिद अनुगमन कार्यालय | २० | ४ | २०.० | ७ | ३५.० | ८ | ४०.० |
| ९ | राष्ट्रिय सतर्कता केन्द्र | १३ | ८ | ६१.५ | ३ | २३.१ | २ | १५.४ |
| कुल | | ५८४ | २८३ | ४८.५ | २४८ | ४२.५ | ५२ | ८.९ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

यस क्षेत्र अन्तर्गतका मन्त्रालय तथा निकायहरूको आर्थिक वर्ष २०७९/८० को लागि निर्धारित ५८४ माइलस्टोनहरूमध्ये २८३ माइलस्टोनहरू मात्र सम्पन्न भएकामा यी माइलस्टोनहरूको समयसीमाका आधारमा अध्ययन गर्दा १३ माइलस्टोन छिटो सम्पन्न भएको देखिएको छ भने १११ माइलस्टोन ढिलो र १५९ माइलस्टोन निर्धारित समयमै सम्पन्न भएका छन्।

समयसारिणीका आधारमा शासकीय सुधार क्षेत्रका माइलस्टोनहरूको प्रगति स्थिति तालिका-२१ मा प्रस्तुत गरिएको छ।

तालिका-२१

शासकीय सुधार क्षेत्रका माइलस्टोनहरूको समयसारिणी अनुसारको प्रगति स्थिति

| क्र.स. | मन्त्रालय/निकाय | माइल्स्टोन्स संख्या | सम्पन्न | छिटो सम्पन्न | समयमै सम्पन्न | ढिलो सम्पन्न |
|---|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५१ | १३ | ० | १३ | ० |
| २ | गृह | २०७ | १४३ | ६ | ६७ | ७० |
| ३ | रक्षा | ९१ | २२ | ० | २१ | १ |
| ४ | सङ्घीय मामिला तथा सामान्य प्रशासन | १०२ | ५१ | ० | २६ | २५ |

| क्र.स. | मन्त्रालय/निकाय | माइल्स्टोन्स संख्या | सम्पन्न | छिटो सम्पन्न | समयमै सम्पन्न | ढिलो सम्पन्न |
|---|---|---|---|---|---|---|
| ५ | कानुन, न्याय तथा संसदीय मामिला | ३१ | १४ | ३ | २ | ९ |
| ६ | परराष्ट्र | ३७ | २१ | ४ | १४ | ३ |
| ७ | राष्ट्रिय योजना आयोग | ३२ | ७ | ० | ७ | ० |
| ८ | सार्वजनिक खरिद अनुगमन कार्यालय | २० | ४ | ० | ४ | ० |
| ९ | राष्ट्रिय सतर्कता केन्द्र | १३ | ८ | ० | ५ | ३ |
| कुल | | ५८४ | २८३ | १३ | १५९ | १११ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

## ख. छानिएका आयोजनाहरूको प्रगति विश्लेषण

### १. पृष्ठभूमिः

राष्ट्रिय गौरव, रुपान्तरणकारी तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरूको कार्यान्वयनका क्रममा देखा परेका समस्याहरू तत्काल समाधान गरी तोकिएको समयमा नै सम्पन्न गर्न सहयोग पुऱ्याउने उद्देश्यले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा तत्काल समस्या समाधान केन्द्रको स्थापना भएको छ। यस केन्द्र आयोजनाहरूको कार्यान्वयनका क्रममा आइपर्ने समस्याहरूको निकायगत समन्वय गरी समस्या समाधानमा क्रियाशील रहेको छ। राष्ट्रिय वजेटमा उल्लेखनीय हिस्सा ओगट्ने तथा महत्व राख्ने र विषय क्षेत्रगत नतिजा सूचक हासिल गर्न योगदान पुऱ्याउने विभिन्न आयोजनाहरूको कार्यान्वयनमा सहजीकरण गर्ने उद्देश्यले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट आर्थिक वर्ष २०७९/८० मा सघन अनुगमनका लागि ३० आयोजनाहरू छनौट भएका छन्। यी आयोजनाहरू लाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको एकीकृत अनलाइन अनुगमन प्रणालीमा आबद्ध गरी मासिक रुपमा प्रगति लिने कार्य हुँदै आएको छ। पूँजीगत वजेटको ठूलो हिस्सा ओगट्ने यी आयोजनाहरूले विकास, समृद्धि र सामाजिक रुपान्तरणको क्षेत्रमा उल्लेखनीय भूमिका खेल्न सक्ने देखिन्छ।

यस प्रतिवेदनमा प्रस्तुत तथ्याङ्क तथा विवरणहरू सम्बन्धित आयोजनाले एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्टि गरेका विवरणहरूमा आधारित छन् । छानिएका आयोजनाहरूको कार्ययोजना सम्बद्ध मन्त्रालयको सहभागिता तथा अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयजस्ता अन्तरसम्बन्धित निकायहरूको संलग्नतामा सम्बद्ध मन्त्रालयको कार्ययोजनासँग तालमेल हुने गरी तर्जुमा गरिएको थियो ।

### २. छानिएका आयोजनाहरूको विवरण

आर्थिक वर्ष २०७९/८० मा नियमित प्रगति अनुगमनका लागि ३० वटा आयोजनाहरू छानिएका छन्। यी आयोजनाहरू मध्ये सबैभन्दा धेरै पूर्वाधार क्षेत्र अन्तर्गतका २० आयोजना, कूल आयोजनाको ६६.६७% रहेका छन् भने आर्थिक, सामाजिक तथा शासकीय सुधार क्षेत्र अन्तर्गत कूल १० आयोजना रहेका छन् ।

#### २.१ छानिएका आयोजनाहरूको मन्त्रालयगत विभाजन

विभिन्न मन्त्रालय अन्तर्गत रहेका आयोजनाहरूलाई मन्त्रालयगत रुपमा विभाजन गरी तालिका २२ मा देखाइएको छ।

तालिका-२२

आयोजनाहरूको मन्त्रालयगत विभाजन

| क्र.सं. | मन्त्रालय (छानिएका आयोजना संख्या) | आयोजनाको नाम |
|---|---|---|
| १ | भौतिक पूर्वाधार तथा यातायात (७ वटा) | हुलाकी राजमार्ग (पूलहरू समेत), पुष्पलाल(मध्य पहाडी) लोकमार्ग, रेल्वे,मेट्रो रेल तथा मोनोरेल विकास आयोजना, नागढुङ्गा सुरूङ्गमार्ग निर्माण आयोजना, राजमार्ग स्तरोन्नति तथा पुनर्स्थापना कार्यक्रम, गल्छी त्रिशुली- मैलुङ्ग-स्याफ्रुबेंशी रसुवागढी सडक आयोजना,<br>उत्तर दक्षिण लोकमार्ग- कोशी, कर्णाली, कालीगण्डकी(पाल्पा), कालीगण्डकी(जोमसोम) |
| २ | ऊर्जा, जलस्रोत तथा सिंचाइ (७ वटा) | सिक्टा सिंचाइ आयोजना, भरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना, रानी जमरा कुलरिया सिंचाइ आयोजना, अपर अरुण जलविद्युत आयोजना, तनहुँ जलविद्युत आयोजना, नेपाल भारत विद्युत प्रशारण, सुनकोशी मरिन डाइभर्सन आयोजना |
| ३ | शहरी विकास (३ वटा) | सघन शहरी विकास कार्यक्रम, विशेष भवन निर्माण आयोजना, नयाँ सहर आयोजना |
| ४ | शिक्षा, विज्ञान तथा प्रविधि (३ वटा) | व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना-दोस्रो, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, विद्यालय शिक्षा क्षेत्र योजना केन्द्रस्तर |
| ५ | स्वास्थ्य तथा जनसंख्या (३ वटा) | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम, कोभिड १९ रोकथाम तथा नियन्त्रण कार्यक्रम |
| ६ | गृह (१वटा) | राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रम |
| ७ | परराष्ट्र (१ वटा) | राहदानी विभाग |
| ८ | रक्षा (१ वटा) | काठमाण्डौं तराई मधेश द्रुतमार्ग |
| ९ | कृषि तथा पशुपन्छी विकास (१ वटा) | प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम |
| १० | खानेपानी मन्त्रालय (१ वटा) | मेलम्ची खानेपानी आयोजना |
| ११ | अर्थ (१ वटा) | MCA-Nepal |
| १२ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा (१ वटा) | प्रधानमन्त्री रोजगार कार्यक्रम |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

## ३. आयोजनाहरूको प्रगति स्थिति

छानिएका आयोजनाहरूमध्ये नियमित प्रगति विवरण प्रविष्टि गर्ने २३ आयोजनाहरू रहेका छन् भने काठमाण्डौं तराई मधेश द्रुतमार्ग, कोभिड नियन्त्रण रोकथाम कार्यक्रम, नयाँ सहर विकास आयोजना, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, विद्युतीय राहदानीसम्बन्धी कार्यक्रम, सघन सहरी विकास कार्यक्रम र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम लगायतका ७ आयोजनाहरूको वार्षिक प्रगतिको आंशिक विवरण मात्र प्राप्त भएको छ।

## ३.१ छानिएका आयोजनाहरूको वार्षिक प्रगति

आयोजनाहरूको वार्षिक भौतिक तथा वित्तीय प्रगति तालिका नं. २३ मा देहायबमोजिम देखाइएको छ।

तालिका-२३

**भौतिक तथा वित्तीय प्रगति विवरण**

| क्र. सं. | आयोजना | वार्षिक लक्ष्यको तुलनामा वार्षिक | | वार्षिक लक्ष्यको तुलनामा वार्षिक | | आयोजनाको कूल लक्ष्यको तुलनामा वार्षिक | |
|---|---|---|---|---|---|---|---|
| | | भौतिक लक्ष्य (%) | भौतिक प्रगति (%) | वित्तीय लक्ष्य (%) | वित्तीय प्रगति (%) | भौतिक प्रगति (%) | वित्तीय प्रगति (%) |
| १. | MCA-Nepal | १०० | १७.२२ | १०० | १७.२२ | ७.४ | ७.४ |
| २. | अपर अरुण जलविद्युत आयोजना | १०० | ५७.०५ | १०० | ५१.९४ | २.५ | २.२४ |
| ३. | उत्तर दक्षिण लोकमार्ग | | | | | | |
| | कर्णाली | १०० | ७० | १०० | ६३.४२ | २४ | २०.४१ |
| | कालिगण्डकी, जोमसोम | १०० | ९५ | १०० | ८७ | ७२ | ६४ |
| | कोशी | १०० | ९५ | १०० | ९४.८ | ४४.८ | ४२.४७ |
| ४. | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १०० | ८६.३६ | १०० | ७७.४६ | ८६.३६ | ७७.४६ |
| ५. | गल्छी त्रिशुली मैलुंग स्याफ्रुबेंशी रसुवागढी सडक | १०० | ३०.७३ | १०० | ३०.७३ | ५५.९८ | ५५.९८ |
| ६. | तनहुँ जलविद्युत आयोजना | १०० | १२१ | १०० | १२१ | ४१.५ | ४०.०२ |
| ७. | नागढुंगा सुरुंगमार्ग निर्माण | १०० | ५६.८९ | १०० | ५९.३९ | ५६.८९ | ५९.३९ |
| ८. | नेपाल भारत विद्युत प्रशारण आयोजना | १०० | ५२.३५ | १०० | ३३.८४ | ८४.२२ | ८२.१३ |
| ९. | पुष्पलाल मध्य पहाडी लोकमार्ग | १०० | ७३.६८ | १०० | ७८.०१ | ७२.७ | ७६.८ |
| १०. | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | १०० | ९२ | १०० | ८६.१ | ७८.७१ | ६७.९४ |
| ११. | प्रधानमन्त्री रोजगार कार्यक्रम | १०० | ९१ | १०० | ८०.७९ | ९१ | ८०.७९ |
| १२. | विद्यालय क्षेत्र विकास कार्यक्रम- केन्द्र स्तर | १०० | ६३.२३ | १०० | २१.८८ | - | - |
| १३. | विशेष भवन निर्माण आयोजना | १०० | ७४ | १०० | ५९.५५ | ६१.९ | ५५.८ |
| १४. | भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | १०० | ८५ | ९० | ७८.५१ | ६२ | ५४.८६ |
| १५. | मेलम्ची खानेपानी आयोजना | १०० | ५९ | १०० | २६ | ९९ | ९७.५८ |
| १६. | राजमार्ग स्तरोन्नति तथा पुनर्स्थापना कार्यक्रम | १०० | ९० | १०० | ८५.२१ | ९० | ८५.२१ |
| १७. | रानी जमरा कुलरिया सिंचाई आयोजना | १०० | ६७.४५ | १०० | ६४.३१ | ६६.९७ | ६५.२४ |
| १८. | राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रम | १०० | ७८.२४ | १०० | ८४.९२ | ७८.२४ | ८४.९२ |

| क्र. सं. | आयोजना | वार्षिक लक्ष्यको तुलनामा वार्षिक | | वार्षिक लक्ष्यको तुलनामा वार्षिक | | आयोजनाको कूल लक्ष्यको तुलनामा वार्षिक | |
|---|---|---|---|---|---|---|---|
| | | भौतिक लक्ष्य (%) | भौतिक प्रगति (%) | वित्तीय लक्ष्य (%) | वित्तीय प्रगति (%) | भौतिक प्रगति (%) | वित्तीय प्रगति (%) |
| १९. | रेल, मेट्रोरेल तथा मोनोरेल विकास आयोजना | १०० | ७० | १०० | ६३.६ | ४३ | ४२.८ |
| २०. | व्यवसायिक शिक्षा तथा तालीम अभिवृद्धि योजना-दोस्रो | १०० | ९१.३३ | १०० | ८८.४४ | ९१ | ८५.०१ |
| २१. | सिक्टा सिंचाई आयोजना | १०० | ५२.४९ | १०० | ५०.६९ | ३९.७६ | ३८.९६ |
| २२. | सुनकोशी मरिन डाइभर्सन आयोजना | १०० | २५५.५५ | १०० | ९९.७६ | २१.४ | १९.२ |
| २३. | हुलाकी राजमार्ग | १०० | ५९ | १०० | १०० | ९१ | ९१ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

## ३.२ छानिएका आयोजनाहरूको वार्षिक प्रगति अनुसारको विभाजन

आयोजनाहरूले हासिल गरेको वार्षिक भौतिक र वित्तीय प्रगतिका आधारमा आयोजनाहरूलाई तालिका नं. २४ मा देहायबमोजिम वर्गीकरण गरिएको छ।

**तालिका-२४**

**भौतिक र वित्तीय प्रगतिका आधारमा आयोजनाहरूको वर्गीकरण**

| क्र.सं | २०७९/८० को वार्षिक भौतिक प्रगति | आयोजना |
|---|---|---|
| १ | ८०% भन्दा माथि | ९ |
| २ | ५०-८०% | १२ |
| ३ | २०-५०% | १ (गल्छी त्रिशुली मैलुंग स्याफ्रुबेंशी रसुवागढी सडक) |
| ४ | २०% भन्दा कम | १ (MCA-Nepal) |
| ५ | प्रगति प्राप्त नभएको | ७ |

| क्र.सं | २०७९/८० को वार्षिक वित्तीय प्रगति | आयोजना |
|---|---|---|
| १ | ८०% भन्दा माथि | ९ |
| २ | ५०-८०% | ९ |
| ३ | २०-५०% | ४ (गल्छी त्रिशुली मैलुंग स्याफ्रुबेंशी रसुवागढी सडक, नेपाल भारत विद्युत प्रसारण आयोजना, विद्यालय क्षेत्र विकास कार्यक्रम, मेलम्ची खानेपानी आयोजना) |
| ४ | २०% भन्दा कम | १ (MCA Nepal) |
| ५ | प्रगति प्राप्त नभएको | ७ |

## ४. आयोजनाहरूको क्रियाकलाप तथा माइलस्टोन स्थिति

छानिएका आयोजनाको कूल २७२ क्रियाकलाप र ५४५ माइलस्टोन रहेकोमा क्रियाकलाप र माइलस्टोनको अवस्था तालिका नं. २५ र २६ मा प्रस्तुत गरिएको छ।

### ४.१ क्रियाकलाप स्थिति

क्रियाकलापको विभाजनलाई देहायबमोजिम तालिका-२५ मा प्रस्तुत गरिएको छ।

तालिका-२५

तालिका नं. ४: वार्षिक क्रियाकलाप स्थिति

| आयोजना संख्या | कूल क्रियाकलाप संख्या | कार्य सुरु नभएको | काम भइरहेको | सम्पन्न |
|---|---|---|---|---|
| ३० | २७२ | २० | १६९ | ८३ |
| प्रतिशत | | ७.४ | ६२.१ | ३०.५ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

छानिएका आयोजनाहरूको कूल २७२ क्रियाकलापमध्ये ३०.५% क्रियाकलापमात्र सम्पन्न भएको देखिन्छ भने ७.४% क्रियाकलापहरूको कार्य नै सुरु नभएको देखिन्छ।

### ४.२ माइलस्टोन स्थिति

५४५ माइलस्टोनलाई सम्पन्न, चालु र सुरु नभएका स्थितिमा वर्गीकरण गरी निम्न बमोजिम तालिका-२६ मा प्रस्तुत गरिएको छ।

तालिका-२६

तालिका नं. ५: आयोजनाहरूको वार्षिक माइलस्टोन स्थिति

| आयोजना संख्या | वार्षिक रुपमा सम्पन्न हुनुपर्नेमा | | | असारमा सम्पन्न भएका | कूल माइलस्टोन संख्या |
|---|---|---|---|---|---|
| | चालु | सुरु नभएका | सम्पन्न | | |
| | २६६ (४८.८%) | ७२ (१३.२%) | २०७ (३८%) | | |
| ३० | ५४५ | | | ६३ | ५४५ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

३० वटा आयोजनाहरूको कूल ५४५ माइलस्टोनमध्ये २०७९/८० को अन्त्यसम्ममा जम्मा ३८% मात्र सम्पन्न भएको देखिएको छ भने १३.२% माइलस्टोन सुरु नै नभएको र ४८.८% माइलस्टोन भने चालु अवस्थामै रहेको पाइएको छ। त्यसैगरी वार्षिक रुपमा सम्पन्न भएको कूल माइलस्टोनको ३०.४% माइलस्टोन असार महिनामा सम्पन्न भएको देखिन्छ।

# ग. समस्या र कारणहरूको विश्लेषण

## अ. मन्त्रालय/निकायहरूका समस्या र कारणहरूको विश्लेषण

विगत आ.व. मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित सबै विभागीय मन्त्रालय, राष्ट्रिय योजना आयोग र लगानी बोर्डको कार्यालयको यस प्रणालीबाट अनुगमन हुँदै आएकोमा चालु आ.व.मा सार्वजनिक खरिद अनुगमन कार्यालय र राष्ट्रिय सतर्कता केन्द्रसमेत गरी जम्मा २६ मन्त्रालय/निकायहरूको कार्यसम्पादन प्रगतिको चित्रण तथा विश्लेषण गरिएको छ।

- एकीकृत अनुगमन प्रणालीमा प्रविष्ट गरिएको मन्त्रालय तथा निकायहरूको वार्षिक कार्ययोजना अनुसार आधारभूत रूपमा आश्विन मसान्तसम्म मन्त्रालयहरूले वार्षिक कार्यक्रम सञ्चालनार्थ आवश्यक पर्ने विद्यमान कानूनहरू (कार्यविधि, निर्देशिका आदि) को संशोधन वा नयाँ कानून तर्जुमा, बोलपत्र आव्हान तथा सूचना प्रकाशन, लागत अनुमान तयार गर्ने तथा प्रस्ताव आव्हान गर्ने जस्ता प्रारम्भिक कार्यहरू सम्पन्न गरिसक्नु पर्नेमा कतिपय त्यस्ता माइलस्टोनहरू तोकिएको समयमा सम्पन्न हुन नसक्दा सम्बद्ध प्रक्रियागत माईलस्टोनहरूसमेत ढिलो सम्पन्न हुने वा सम्पन्न हुन नसक्ने हुन जान्छ।
- कार्ययोजना वमोजिम निर्धारित समय र लागतमा तोकिएको कार्य सम्पन्न गर्न नसकिने अवस्था नै नेपालको विकास प्रशासनको प्रमुख समस्याको रूपमा रहँदै आएको छ। यस प्रतिवेदनमा विश्लेषण गरिएका मन्त्रालय एवं निकायहरूसँग सम्बन्धित समीक्षा अवधिसम्ममा सम्पन्न भईसक्नुपर्ने गरी निर्धारण गरिएका तर शुरू हुन नसकेका ३१२ माइलस्टोनहरूको मासिक विभाजन हेर्दा श्रावणमा ८, भाद्रमा १५, आश्विनमा २५, कार्तिकमा २७, मार्गमा १८, पौषमा ३६, माघमा १६, फागुनमा १४, चैत्रमा ३४, बैशाखमा ३३, ज्येष्ठमा ३४ र असारमा ५२ सम्पन्न हुनुपर्ने माइलस्टोनहरू आर्थिक वर्षको अन्त्यसम्ममा पनि शुरू हुन सकेका छैनन्। यसको विस्तृत विवरण तालिका-२७ मा उल्लेख गरिएको छ।

तालिका-२७

**शुरू नभएका माइलस्टोनको वर्गीकृत तालिका**

| क्र.स. | मन्त्रालय/ निकाय | सम्पन्न हुनुपर्ने तर शुरू नभएका माइलस्टोनहरूको सम्पन्न हुनुपर्ने महिना | | | | | | | | | | | | कुल जम्मा | शुरू नभएको % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत्र | वैशाख | जेठ | असार | | |
| १ | अर्थ | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | २ | ० | ४ | २.८४ |
| २ | कृषि | २ | ४ | ४ | १ | ० | १ | २ | १ | २ | ४ | १ | १ | २३ | १०.७० |
| ३ | उद्योग | ० | १ | १ | ० | १ | ० | ० | १ | ० | २ | २ | १ | ९ | ६.७२ |
| ४ | संस्कृति | ० | ० | १ | ० | ० | १ | ० | ० | ० | १ | १ | ० | ४ | ३.४२ |

| क्र.स. | मन्त्रालय/ निकाय | सम्पन्न हुनुपर्ने तर शुरू नभएका माइलस्टोनहरूको सम्पन्न हुनुपर्ने महिना | | | | | | | | | | | | कुल जम्मा | शुरू नभएको % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत्र | वैशाख | जेठ | असार | | |
| ५ | वन | ० | १ | ० | ० | ० | ० | १ | ० | १ | ३ | १ | ० | ७ | ९.३३ |
| ६ | भूमि | ३ | २ | २ | १ | ५ | ३ | १ | २ | १ | २ | १ | ० | २३ | १३.८६ |
| ७ | भौतिक | ० | ० | ० | ० | ० | २ | १ | ० | ५ | ० | ६ | ११ | २५ | १८.९४ |
| ८ | उर्जा | १ | ० | ३ | ५ | ३ | ५ | १ | २ | ० | १ | २ | १६ | ३९ | ११.०५ |
| ९ | शहरी | ० | ० | ३ | ० | ० | ४ | १ | १ | ३ | १ | १ | ८ | २२ | १७.१९ |
| १० | खानेपानी | ० | ० | १ | २ | ० | ० | १ | १ | २ | २ | २ | ३ | १४ | १४.२९ |
| ११ | संचार | ० | ० | ० | ० | ० | १ | ० | १ | २ | १ | २ | १ | ८ | ६.८४ |
| १२ | शिक्षा | ० | ० | १ | ३ | ० | ३ | ० | १ | ० | ० | १ | १ | १० | ६.६७ |
| १३ | स्वास्थ्य | १ | ४ | ३ | ८ | ६ | ८ | ४ | २ | ० | ३ | १ | १ | ४१ | २६.६२ |
| १४ | महिला | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | २ | ४.६५ |
| १५ | युवा | १ | १ | ५ | १ | ३ | ६ | २ | ० | ७ | २ | १ | ० | २९ | २६.६१ |
| १६ | प्र.म.तथा म.प. | ० | ० | ० | १ | ० | १ | ० | १ | १ | ५ | २ | ० | ११ | २१.५७ |
| १७ | गृह | ० | ० | ० | ४ | ० | ० | १ | ० | २ | ० | १ | ३ | ११ | ५.३१ |
| १८ | रक्षा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | २ | ४ | ४.४ |
| १९ | कानून | ० | १ | ० | ० | ० | ० | १ | ० | १ | २ | २ | ० | ७ | २२.५८ |
| २० | परराष्ट्र | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | १ | १ | २ | ६ | १६.२२ |
| २१ | रा.यो.आ | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ३ | ९.३८ |
| २२ | सा.ख.अ.का. | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ | १ | १ | २ | ८ | ४० |
| २३ | रा.स.के. | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | २ | १५.८३ |
| कुल | | ८ | १५ | २५ | २७ | १८ | ३६ | १६ | १४ | ३४ | ३३ | ३४ | ५२ | ३१२ | ११.१६ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

कुल २७९५ माइल्स्टोन मध्ये ३१२ माइल्स्टोन शुरू नै हुन सकेका छैनन्। सार्वजनिक खरिद अनुगमन कार्यालयको सबै भन्दा धेरै ४०%, युवा तथा खेलकुद मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय दुवैको २६.६% प्रतिशत माइलसटोन शुरू नै हुननसकेको देखिएको छ भने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र लगानी बोर्डको कार्यालयका भने सबै माइल्स्टोनहरू शुरू भएको देखिएको छ।

प्राप्त विवरण अनुसार २०८० असार मसान्तसम्म शुरू वा सम्पन्न हुनुपर्ने माइस्टोनमध्ये शुरू हुन नसकेका ३१२ माइलस्टोनको कारणहरू देहाय बमोजिम रहेका छन्-

तालिका-२८

**काम शुरू हुन नसकेका माइलस्टोनको कारणहरू**

| क.स. | मन्त्रालय/ निकाय | काम शुरू हुन नसक्नुका कारणहरू** | | | | | | | | | | कुल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | | |
| १ | अर्थ | २ | | | | | | | | | २ | ४ | |
| २ | उद्योग | १ | | | २ | १ | | २ | ३ | | | ९ | |
| ३ | कृषि | १८ | २ | | | | ३ | | | | | २३ | |
| ४ | वन | ४ | २ | | | | १ | | | | | ७ | |
| ५ | भूमि | ५ | ११ | ३ | | | | | | | ४ | २३ | |
| ६ | संस्कृति | | ३ | १ | | | | | | | | ४ | |
| ७ | ऊर्जा | १८ | ९ | २ | २ | २ | | २ | २ | | २ | ३९ | |
| ८ | खानेपानी | ५ | ४ | | १ | | ३ | | १ | | | १४ | |
| ९ | सहरी | ८ | ३ | ३ | ६ | १ | | | | | १ | २२ | |
| १० | भौतिक | ८ | ४ | | | २ | | २ | १ | | ८ | २५ | |
| ११ | महिला | | | | | | | २ | | | | २ | |
| १२ | युवा | ८ | ३ | | २ | | १ | | | ३ | १२ | २९ | |
| १३ | शिक्षा | | ४ | ५ | | | | | | | १ | १० | |
| १४ | स्वास्थ्य | २२ | १७ | १ | | | १ | | | | | ४१ | |
| १५ | कानुन | २ | ५ | | | | | | | | | ७ | |
| १६ | सञ्चार | ३ | | १ | २ | १ | | | | १ | | ८ | |
| १७ | प्र.म.तथा म.प. | | ७ | | | २ | १ | | | १ | | ११ | |
| १८ | गृह | ५ | ३ | | | १ | | | | | २ | ११ | |
| १९ | परराष्ट्र | १ | ४ | | | | | | | | १ | ६ | |
| २० | रक्षा | ४ | | | | | | | | | | ४ | |
| २१ | रा.यो.आ. | २ | १ | | | | | | | | | ३ | |
| २२ | रा.स.के. | | २ | | | | | | | | | २ | |
| २३ | सार्वजनिक खरिद | ८ | | | | | | | | | | ८ | |
| कुल | | १२४ | ८४ | १६ | १५ | १० | १० | ८ | ७ | ५ | ३३ | ३१२ | |

***१. पूर्व तयारी पूरा नभएको २. वजेट व्यवस्थापन/ स्रोत सुनिश्चितता नभएको, ३. कानून, कार्यविधि तथा प्रक्रियागत आधार तयार नभएको, ४. स्थान छनौट/ जग्गा प्राप्ति नभएको, ५. अन्तर तह/ मन्त्रालय/ निकाय समन्वय हुन नसकेको, ६. कार्यक्रमको पुनःसंरचना गर्नु परेको, ७. अन्य निकायको सहमति प्राप्त नभएको, ८. विवाद तथा कानूनी जटिलता ९. जनशक्ति अभाव तथा नेतृत्व परिवर्तन, र १०. कारण नखुलेको,*

- माथिको तलिकालाई विश्लेषण गर्दा माथि आ.व. २०७९/८० मा सम्पन्न हुनुपर्ने ३१२ माइलस्टोनको कार्य असार मसान्तसम्म पनि शुरू हुन नसकेको देखिएको छ। एकीकृत अनुगमन प्रणालीमा प्राप्त प्रगति विवरण अध्ययन गर्दा सम्पन्न हुनुपर्ने कार्य शुरू हुन नसक्नुमा ३३ माइलस्टोनहरूको स्पष्ट कारण खुलाइएको छैन या त कुनै पनि विषयको रिपोर्टिङ गरिएको छैन। कारण खुलाइएका २७९ मध्ये धेरैजसो कार्यहरू सम्बन्धित मन्त्रालय तथा निकायहरूको आवश्यक पूर्वतयारी नपुगेको कारणले उक्त कार्यमा ढिलाइ हुन पुगेको देखिन्छ। यसको अर्थ मन्त्रालय तथा निकायहरूको कार्ययोजना निर्माण वा कार्यक्रम निर्धारण नै वस्तुपरक, यथार्थ र वैज्ञानिक हुन सकेको छैन अथवा मन्त्रालयहरूले पूर्वनिर्धारित कार्ययोजना बमोजिमको कार्यसम्पादनमा चासो दिएका छैनन् भन्ने स्पष्ट हुन आउँछ।

- आर्थिक वर्षको प्रारम्भमै गर्नुपर्ने कार्यहरू जस्तै वार्षिक खरिद योजना बनाई लागू गर्ने, बोलपत्रसम्बन्धी कागजातहरू तयार गर्ने, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने, सेवा निकाय छनौटका लागि सूचना प्रकाशन गर्ने, कार्यक्रम सञ्चालन कार्यविधि वा संचालन ढाँचा तयार गर्ने जस्ता पूर्वतयारीका कार्यहरू हुन नसकेकोले कार्यक्रमहरू अगाडि बढ्न सकेका छैनन्। आर्थिक वर्षको प्रारम्भमै सम्पन्न हुनुपर्ने माइलस्टोनहरू समयमै सम्पन्न हुन नसक्दा त्यसपछि सञ्चालन हुने क्रियाकपालहरू स्वतः प्रभावित हुने कुरा स्वयंसिद्ध नै छ। समीक्षा अवधिमा १२४ माइल्स्टोनहरू पूर्वतयारी पूरा हुन नसकेकोले प्रभावित भएको देखिएको छ।

- असार मसान्तसम्म सम्पन्न हुनुपर्ने माइलस्टोनहरूमध्ये ८४ माइलस्टोनहरू वजेट व्यवस्थापन हुन नसकेको वा स्रोत सुनिश्चितता नभएको कारणबाट शुरू हुन सकेका छैनन्। एकातिर पूँजिगत खर्च क्षमता कमजोर भई विनियोजित वजेट खर्च नहुनु र अर्कोतिर वजेट व्यवस्थापन हुन नसक्नुले वजेटमा विनियोजन कुशलता नभएको तथ्यलाई वल पुऱ्याउँदछ र यस्तो अवस्था बारम्बार दोहोरिईरहेको छ।

- सम्बन्धित निकायबाट नियमावली वा कार्यविधि जस्ता विषयहरू समयमै स्वीकृत/संशोधन नभई कानूनी आधार तथा कार्यविधि तयार नभएकोले १६ माइलस्टोन प्रभावित भएको देखिएको छ। कार्यसम्पादनको लागि कानूनी आधार तयार गर्ने सम्बन्धमा मन्त्रालय/निकायहरू कार्ययोजना निर्माणको चरण देखिनै गम्भीर हुनुपर्ने देखिएको छ। साथै कानूनी आधार तयार नै नभएका विषयमा वजेट विनियोजन पूर्व नै विचार पुऱ्याउनु पर्ने हुन्छ।

- स्थान छनोट तथा जग्गा प्राप्तिमा देखिएका प्रक्रियागत ढिलाइका कारण समीक्षा अवधिमा १५ माइल्स्टोन प्रभावित भएका छन्। यस्तो समस्या विगत देखि नै दोहोरिरहेको पाईन्छ। आयोजना छनौट गर्दा स्थानकोसमेत निक्यौंल नगरी आयोजना छनौट हुने अवस्थाले विकास व्यवस्थापनको अत्यन्त कमजोर अवस्थालाई दर्शाउँछ। यस्तो अवस्था भनेको आयोजनाको पहिचानसमेत नभईसकेको प्रारम्भिक अवस्था भएकोले आयोजना छनौट गर्दा यस्ता विषयहरू निक्यौंल भएका आयोजनाहरूमा मात्र वजेट विनियोजन हुने सुनिश्चितता गर्नुपर्दछ।

- त्यस्तै १० माइलस्टोन अन्तरतह/मन्त्रालय/निकाय सँगको समन्वय प्रभावकारी नहुँदा शुरू हुन नसकेको देखिएको छ। सम्बन्धित निकायबाट माग गरिएका राय सहमति आदि समयमै प्राप्त नहुनु, स्वीकृत/संशोधन हुनुपर्ने विषयहरू समयमै नहुनु, अन्य निकायबाट सहमति प्राप्त नहुने आदि कारणले समेत कार्यक्रमहरू प्रभावित भएको देखिएकोले प्रचलित ऐन/कानूनमा व्यवस्था भएका समन्वयकारी संयन्त्रलाई थप क्रियाशील गराउने र समन्वयको तहगत व्यवस्था गरी अन्तरतह एवं अन्तरनिकाय समन्वय प्रभावकारी बनाईनु पर्दछ।

- कार्यक्रमको पुनर्संरचना गर्नुपरेको कारणले समेत १० माइलस्टोनहरू शुरू हुन नसकेको अवस्था छ। यस्तो सम्भावित अवस्थाको कार्यक्रम प्रस्ताव गर्नु पूर्व नै विश्लेषण गरी कार्यक्रम प्रस्ताव गर्ने व्यवस्था गर्नुपर्दछ।

- अन्तर निकाय सहमति/राय प्राप्त गर्नुपर्ने/प्रदान गर्ने विषयका ८ माइलस्टोनहरू शुरू हुन सकेका छैनन्। यस्ता विषयहरूमा निश्चित समयसीमा तोकी सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ। यसका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सहजीकरण गरिनुपर्दछ।

- विवाद तथा कानूनी जटिलताले ७ माइलस्टोन शुरू हुन सकेका छैनन्। कानूनी एवम् प्रक्रियागत जटिलतालाई सहजीकरण गर्न वन तथा सार्वजनिक खरिदसम्बन्धी कानूनहरूमा सरलीकरण गरिनुपर्ने आवश्यकता देखिएको छ। साथै विकास आयोजनाको सञ्चालनका लागि छुट्टै कानूनी व्यवस्था हुनु उपयुक्त हुन्छ।

- जनशक्ति अभाव तथा नेतृत्व परिवर्तनको कारणले पनि ५ माइलस्टोन शुरू हुन नसकेकोले कर्मचारीको सरुवा र पदपूर्ति प्रणालीलाई व्यवस्थित गराई पूर्वानूमानमेयता कायम गराउनेतर्फ सम्बन्धित निकायले विशेष ध्यान पुऱ्याउनुपर्ने हुन्छ।

- कुनै कारण उल्लेख नगरिएका वा प्रतिवेदन नै नगरिएको कारणले प्रारम्भ हुन नसकेको समूहमा रहेका माइलस्टोनहरूको संख्या ३३ छ। मन्त्रालय/निकायहरूले समयमा प्रतिवेदन गर्ने र सम्बन्धित समस्याको जानकारी गराई समाधान गर्न लाग्नुपर्नेछ। समयमै र सही प्रतिवेदन नगर्नुले प्रतिवेदनमा ध्यान नदिएको या उक्त विषय मन्त्रालयको प्राथमिकतामा नपरेको हुन सक्दछ।

## ख. आयोजनाहरूको समस्या र कारणहरूको विश्लेषण

छानिएका ३० आयोजनाहरूको कूल ५४५ माइलस्टोन रहेकोमा वार्षिक रुपमा सम्पूर्ण माइलस्टोन सम्पन्न हुनपर्ने थियो तर ७२ वटा माइलस्टोनहरू भने सुरु नै नभएको पाइएको छ। ती माइलस्टोनहरू सम्पन्न हुनपर्ने महिनाका आधारमा तालिका नं. २९ मा वर्गीकरण गरिएको छ।

**तालिका २९**

**सम्पन्न हुनपर्ने तर सुरु नभएका माइलस्टोनको विवरण**

| क्र. सं | आयोजनाको नाम | सम्पन्न हुनपर्ने तर सुरु नभएका माइलस्टोनको सम्पन्न हुनपर्ने महिना | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फागुण | चैत्र | वैशाख | जेठ | असार | |
| १. | MCA-Nepal | | | | १ | | १ | | | | | | | २ |
| २. | अपर अरुण | | | | | १ | | | | | | | | १ |
| ३. | उत्तर दक्षिण लोकमार्ग | | | | | | | | | | | | | |
| | कर्णाली लोकमार्ग | | | | | | | | | | | | १ | १ |
| | कोशी लोकमार्ग | | | | | | | | | | | १ | | १ |

| क्र. सं | आयोजनाको नाम | सम्पन्न हुनपर्ने तर सुरु नभएका माइलस्टोनको सम्पन्न हुनपर्ने महिना | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फागुण | चैत्र | वैशाख | जेठ | असार | |
| ४. | एकीकृत स्वास्थ्य पुर्वाधार | | | | | | | १ | | | | | | १ |
| ५. | काठमाण्डौं तराई मधेस द्रुतमार्ग (नेपाली सेना) | | | | | | | | | | | २ | २ | ४ |
| ६. | तनहुँ जलविद्युत आयोजना | | | | | | | | | | | १ | | १ |
| ७. | नागढुंगा सुरुङमार्ग निर्माण | | | | | | | | | | | | २ | २ |
| ८. | नेपाल भारत विद्युत प्रसारण आयोजना | | | | | | | | | | | | १ | १ |
| ९. | भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | | | | | १ | १ | | | | | | ४ | ६ |
| १०. | मेलम्ची खानेपानी आयोजना | | | | २ | | १ | | | | १ | १ | | ५ |
| ११. | राजमार्ग स्तरोन्नति तथा पुनर्स्थापना कार्यक्रम | | | | | २ | | | | | | | १ | ३ |
| १२. | रानी जमरा कुलरिया सिंचाइ आयोजना | | | | १ | | | | | | | | १ | २ |
| १३. | राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रम | | | | | | | | | २ | | | ३ | ५ |
| १४. | राहदानी विभाग | | | | | | | | | | १ | | | १ |
| १५. | रेल, मेट्रोरेल तथा मोनोरेल विकास कार्यक्रम | | | | | | | | | १ | | | १ | २ |
| १६. | व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना | | | | | | | | १ | | १ | | | २ |
| १७. | सिक्टा सिंचाइ आयोजना | | | १ | १ | | २ | १ | | | | | १ | ६ |
| १८. | सुनकोशी मरिन डाइभर्सन | | | १ | | | | | | | | | | १ |
| १९. | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १ | ३ | | ३ | ५ | ४ | २ | २ | | ३ | १ | १ | २५ |
| जम्मा | | १ | ३ | २ | ८ | ९ | ९ | ४ | ३ | ३ | ६ | ६ | १८ | ७२ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

आयोजनागत हिसाबले हेर्दा स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमका वार्षिक रुपमा सम्पन्न हुनपर्ने तर सुरु नै नभएका माइलस्टोनको संख्या सबैभन्दा धेरै २५ वटा रहेका छन् भने सिक्टा सिंचाई आयोजना र भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाका ६/६ माइलस्टोनहरू सुरु नभएका छन्। त्यसैगरी वार्षिक रुपमा सम्पन्न हुनपर्नेमा सुरु नभएका माइलस्टोनमध्ये १८ वटा माइलस्टोनहरू असार

महिनामा सम्पन्न हुनपर्ने भनी विभिन्न आयोजनाले लक्ष्य राखेका थिए भने मंसिर र पौष महिनामा ९/९ माइलस्टोन सम्पन्न गर्ने लक्ष्य राखेका थिए।

## तालिका-३०

## माइलस्टोन सुरु हुन नसकेका कारणहरू (आयोजना)

| क्र.सं | आयोजनाको नाम | **काम सुरु हुन नसक्नुका कारणहरू | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | |
| १. | MCA-Nepal | १ | | | १ | | | | | | | | | २ |
| २. | अपर अरुण | १ | | | | | | | | | | | | १ |
| ३. | उत्तर दक्षिण लोकमार्ग | | | | | | | | | | | | | |
| | कोशी लोकमार्ग | | | | | | | | | १ | | | | १ |
| | कर्णाली लोकमार्ग | | | | | | | | | १ | | | | १ |
| ४. | एकीकृत स्वास्थ्य पूर्वाधार | | १ | | | | | | | | | | | १ |
| ५. | काठमाण्डौं तराई मधेस | २ | | २ | | | | | | | | | | ४ |
| ६. | तनहुँ जलविद्युत आयोजना | | | | | | | १ | | | | | | १ |
| ७. | नागढुंगा सुरुङमार्ग निर्माण | २ | | | | | | | | | | | | २ |
| ८. | नेपाल भारत विद्युत प्रसारण आयोजना | १ | | | | | | | | | | | | १ |
| ९. | भेरी बबई डाइभर्सन | | | २ | १ | १ | १ | १ | | | | | | ६ |
| १०. | मेलम्ची खानेपानी आयोजना | | २ | | | | | | २ | | | | १ | ५ |
| ११. | राजमार्ग स्तरोन्नति कार्यक्रम | | | | | | | | | | | | ३ | ३ |
| १२. | रानी जमरा कुलरिया सिंचाइ आयोजना | १ | | १ | | | | | | | | | | २ |
| १३. | राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रम | ३ | १ | १ | | | | | | | | | | ५ |
| १४. | राहदानी विभाग | | १ | | | | | | | | | | | १ |
| १५. | रेल, मेट्रोरेल, तथा मोनोरेल विकास आयोजना | | १ | | | १ | | | | | | | | २ |
| १६. | व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि | | | | | | | | | | २ | | | २ |
| १७. | सिक्टा सिंचाइ आयोजना | १ | १ | १ | २ | | १ | | | | | | | ६ |
| १८. | सुनकोशी मरिन डाइभर्सन | | | १ | | | | | | | | | | १ |
| १९. | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ११ | ७ | ३ | १ | १ | १ | | | | | १ | | २५ |
| कुल | | २३ | १४ | ११ | ५ | ३ | ३ | २ | २ | २ | २ | १ | ४ | ७२ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली)

***१.पूर्व तयारी नभएको २.वजेट व्यवस्थापन/स्रोत सुनिश्चितता नभएको ३.खरिद प्रक्रियामा ढिलाइ ४.अन्य ५.अन्य निकायको राय/सहमति प्राप्त नभएको ६.स्थान छनौट/जग्गा प्राप्ति नभएको ७. अन्तर तह/मन्त्रालय/निकाय समन्वय हुन नसकेको ८.कार्यक्रमको पुनर्संरचना/पुनरावलोकन गर्नुपरेको ९.मौसम प्रतिकुल (चिसो, बाढी) १०.माग नभएको ११.कानून, कार्यविधि तथा प्रक्रियागत आधार तयार नभएको १२.कारण नखुलेको*

यस कार्यालयको तर्फबाट आयोजनाहरूलाई एकीकृत अनुगमन प्रणालीमा आवद्ध गरी प्रभावकारी रुपमा डेस्क मोनिटरिङ्ग गर्ने गराउने सन्दर्भमा तोकिएको ढाँचामा कतिपय आयोजनाहरूले भौतिक तथा वित्तय प्रगति, ठेक्का सम्झौता, आइपरेका समस्या लगायतका विवरण नियमित रुपमा प्रविष्टि नगरेको पाइएको छ। ३० वटा आयोजनाका ५४५ माइलस्टोनमध्ये ७२ माइलस्टोन आ.व. को अन्त्यसम्ममा सुरु हुन नसकेकोमा ४ माइलस्टोनको सुरु हुन नसकेको कारण नै प्रविष्टि नभएको पाइएको छ।

पूर्व तयारी पूरा नगरी प्रभावित माइलस्टोनहरू सबैभन्दा धेरै मात्रामा (२३ वटा) सुरु हुन नसक्नुले कार्यान्यवयनका लागि तयार नभएका आयोजनाहरू छनौट भएको, कार्ययोजना अनुसार कार्यतालिका बनाई कार्यान्वयन नगरिएको, अन्तरसम्बन्धित निकायको समन्वय र बुझाइमा एकरुपता नभएको कारणले यसो भएको हुन सक्दछ ।

महत्वपूर्ण आयोजनाहरूमा आवश्यक वजेट न्यून नहुने भनी सम्बन्धित निकायबाट पटक-पटक प्रतिबद्धता व्यक्त भएतापनि वजेटको अभावले कार्ययोजना कार्यान्वयन धेरै मात्रामा प्रभावित हुनु आफैमा विरोधाभासपूर्ण छ।

खरिद प्रक्रियमा ढिलाइका कारण ११ माइलस्टोहरू सुरु हुन नसकेको देखिन्छ। स्थान छनौट गर्न/जग्गा प्राप्ति गर्न नसकेको, अन्य निकायको राय/सहमति प्राप्त नभएको, अन्तर तह/मन्त्रालय/निकाय बीचमा समन्वय हुन नसकेको, मौसम प्रतिकुल भएको, माग/प्रस्ताव प्राप्त नभएको, कार्यक्रमको पुनर्संरचना/पुनरावलोकन गर्नुपरेको र कानून, कार्यविधि तथा प्रक्रियागत आधार तयार नभएको जस्ता कारणहरूले गर्दा पनि माइलस्टोन कार्यान्वयन प्रभावित भएको देखिएको छ।

आयोजना सञ्चालनमा परामर्शदाताबाट काम सुरु हुन ढिलाई हुनु, कार्य व्यस्तता, समय अनुकुल नहुनु, समय अभाव, विस्तृत अध्ययनकै क्रममा रहनु, क्रमागत योजनाहरू पर्याप्त रहनु, निर्माण सामग्रीको अभाव, आयोजना सञ्चालन पूर्व गरिनुपर्ने आ.इ.इ/ई.आइ.ए स्वीकृति समयमा हुन नसकेको, अन्य निकायको सहमति प्राप्त नभएको जस्ता समस्याले पनि आयोजनाको कार्यसम्पादनमा असर पारेको देखिएको छ।

## घ. सुझावहरूः

माथि उल्लेखित तथ्याङ्क एवम् विश्लेषण समेतबाट मन्त्रालय/निकायहरूले मुख्यतः निम्न विषयहरूमा ध्यान दिएमा कार्यसम्पादनलाई थप नतिजामूखी र परिणाममुखी बनाउन सक्ने देखिन्छः

(क) आर्थिक वर्षको प्रारम्भमै सम्पन्न हुने भनी तोकिएका विषयहरू शुरू समेत हुन नसकेको स्थिति रहेकोले पछाडि कार्यचाप थपिन्छ तसर्थ त्यस्ता कार्यहरूलाई वैकल्पिक कार्ययोजना तयार गरी मूल कार्ययोजनामा असर नपर्ने गरी सम्पन्न गर्नुपर्दछ। मनसूनको समयमा आयोजना/कार्यक्रम स्थलमा नगई कार्यालयबाट सञ्चालन गर्न सकिने क्रियाकलापहरूको आधारभूत विषयहरू आ.व.को शुरूका महिनामै सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने समयमा कार्यचाप कम गर्दै कार्यान्वयन प्रभावकारिता अभिबृद्धि गर्नुपर्छ।

(ख) वजेटमा घोषणा भएको विषयमा सम्बन्धित निकायले आवश्यक स्रोतको व्यवस्था तुरुन्त गर्नु पर्दछ वा स्रोत सुनिश्चितता हुने गरी कार्य अगाडि बढाउने सहमति प्रदान गर्नुपर्दछ। कार्यान्वयनका लागि स्रोत उपलब्ध नहुने अवस्थाको अन्त्य गर्न पूर्वमूल्याङ्कन गरेर मात्र कार्ययोजनामा समावेश गर्नु उपयुक्त हुन्छ र वजेट सुनिश्चितता प्रदान गर्न नसक्ने विषयहरू घोषणामा नै ल्याउनु हुँदैन।

(ग) स्रोत सुनिश्चितता र कम वजेटको समस्यालाई न्यून गर्न वजेट निर्माण गर्दा अनिवार्य दायित्वको रकम र विकास सहायताका कार्यक्रमहरूमा छुट्याउनुपर्ने, यस्तो वजेट छुट्याईएपछि मात्र नयाँ कार्यक्रम प्रस्ताव गरिएको/नगरिएको विषय राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयले सुनिश्चित गर्नुपर्दछ। मध्यमकालीन खर्च संरचनाको प्रभावकारी कार्यान्वयन, वजेट अवण्डा राख्ने प्रवृत्तिमा नियमन, रकमान्तर, वजेट रोक्का तथा समर्पण जस्ता विषयहरूमा वित्तीय अनुसाशन प्रबर्द्धन गर्दै निरन्तर सुधार गर्नुपर्दछ।

(घ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले व्यवस्था गरेको राष्ट्रिय आयोजना बैंकको कार्यान्वयनलाई सुदृढ गर्नुपर्ने देखिएको छ। मन्त्रालय तथा निकायहरूले वार्षिक कार्यक्रमका रूपमा प्रस्ताव गर्ने कार्यक्रमहरूको स्वीकृतिको चरणमै स्रोत सुनिश्चितता गर्ने तथा स्रोत सुनिश्चितता/व्यवस्था नभएका तथा पूर्वतयारी सम्पन्न नभएका आयोजना तथा कार्यक्रमहरूमा वार्षिक रूपमा वजेट विनियोजन गर्ने परिपाटीको अन्त्य गर्नुपर्दछ।

(ङ) राय तथा सहमति प्रदान गर्नुपर्ने विषयमा निश्चित समयसीमा तोकि सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ। सहमति प्रदान गर्न नसकिने भएमा समेत आफ्नो निकायको राय छिटो उपलब्ध गराउने र यस्तो विषयको Track Record राखी नियमन तथा सहजीकरण गर्ने निकायमा पठाउनु उपयुक्त हुन्छ।

(च) मन्त्रालयले समस्या समाधानका लागि गरेका प्रयासहरू एवम् मातहतका निकायहरूलाई दिएका निर्देशनहरूको जानकारी माथिल्लो तहबाट अनुगमन गर्ने निकायहरू (जस्तैः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग आदि) लाई जानकारी दिनु उपयुक्त हुन्छ। यसबाट विषयवस्तुका सन्दर्भमा माथिल्लो निकायमा समेत जानकारी हुने तथा सो सम्बन्धमा एउटै बुझाई रहने र संस्थागत अभिलेख समेत रहन्छ।

(छ) आयोजना/कार्यक्रम कार्यान्वयमा देखिएका सम्बन्धित निकायबाट समाधान हुन नसक्ने समस्याहरूलाई यस कार्यालयको तत्काल समस्या समाधान केन्द्र एवम् सम्बन्धित विषयक्षेत्र हेर्ने महाशाखा/शाखामा जानकारी गराई समस्याको समाधानको पहल गर्नुपर्दछ।

(ज) सार्वजनिक व्यवस्थापन र सुशासनको क्षेत्रमा तत्काल सुधारको कार्ययोजना बनाई कार्यान्वयनमा लैजाने र वित्तीय व्यवस्थापनमा मौजुदा कानूनी व्यवस्थाको कडाईका साथ कार्यान्वयन गर्नु पर्दछ।

(झ) कार्यजिम्मेवारी निर्धारण गर्दा कार्यसम्पादन एवम् नेतृत्व मूल्याङ्कन गरी नतिजामा आधारित कार्यसम्पादन प्रणालीलाई संस्थागत गर्नुपर्दछ।

(ञ) आयोजनाको निश्चित लक्ष्य हासिल नहुँदासम्म आयोजना प्रमुखको सरुवा नगर्ने, कानूनी व्यवस्थालाई व्यवहारिक बनाउने, भौतिक निर्माणमा निर्माण व्यवसायीको कार्यसम्पादन विश्लेषण गरी प्रत्येक निर्माण व्यवसायीलाई निश्चित संख्यामा मात्र ठेक्का दिने, छनौट भएका सबै आयोजनाको प्रभावकारी अनुगमन गर्ने र आयोजनाको कार्यान्वयनमा बाधा पुगेको देखिए तत्काल त्यसको सम्बोधन गर्ने गरेमा आयोजना समयमै सम्पन्न गर्न सहयोग पुग्ने देखिन्छ।

(ट) अन्तर निकाय समन्वयको कमीले गति लिन नसकेका क्रियाकलापहरूका लागि समन्वयको कार्य प्रभावकारी बनाउनु आवश्यक छ। यसका लागि आवश्यकता अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहयोग लिनु उपयुक्त हुन्छ।

(ठ) सार्वजनिक निकायहरुबाट हुने निर्णय प्रकृयाको ढिलाइको कारणले आयोजना एवम् कार्यक्रमहरु प्रभावित हुने गरेकाले निर्णय प्रकृयालाई चुस्त छरितो बनाउन आवश्यक प्रचलित व्यवस्थाको कार्यान्वयन गर्ने एवम् आवश्यकता अनुसार यस्तो प्रकृयालाई सरलीकरण गर्नुपर्दछ।

(ड) सार्वजनिक खरिदको प्रकृया झन्झटिलो भएकोले आयोजना एवम् कार्यक्रमहरु प्रभावित हुने गरेकोले सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुनी व्यवस्थामा सामयिक परिमार्जन गर्नु आवश्यक देखिन्छ।